# परिच्छेद-एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षाले बालबालिकमा ज्ञान, सीप र प्रवृत्तिको विकास गराउँछ । यसले जिवनयापनको मार्ग तथा समाज परिवर्तनको मार्ग तर्फ लैजान्छ । जीवनयापनमा आइपर्ने समस्या समाधानको उपाय खोजी समाजको लागि सफल र सभ्य नागरिक तयार गरी सभ्य समाज सृजना गर्ने कार्य शिक्षाको माध्यमबाट मात्र हुन्छ । बालबालिकामा ज्ञान, सीप र प्रवृत्तिको विकास गराउन, असल, नागरिक तयार गर्न राष्ट्रिय विकासको लक्ष्यमा पुग्न शिक्षाबाटै सम्भव हुन्छ । कुनै पनि व्यक्ति, समाज र राष्ट्रको समग्र विकास एवं समुन्नतिको मुख्य आधार शिक्षा हो । शिक्षा बिना व्यक्ति, समाज र राष्ट्रिय विकासको परिकल्पना गर्न सकिँदैन । शिक्षाको माध्यमबाट नै व्यक्ति, समाज र राष्ट्रका आवश्यकताहरु पूरा गर्न सकिन्छ । शिक्षालाई राष्ट्रको आवश्यकता र सामाजिक चाहनासँग सम्बन्धित गरेर प्रदान गर्ने व्यवस्था गरिएको हुन्छ । कुनै पनि राष्ट्रमा शिक्षा पद्धतिको तर्जुमा तथा सञ्चालन गर्दा राष्ट्रको आवश्यकता र सम्बन्धित समाजका मानिसहरुको चाहनाका आधारमा गरिन्छ । यसको अर्थ, शिक्षा पद्धतिको सञ्चालन समाज तथा समयसापेक्ष बनाउने हिसाबले गरिएको हुन्छ । (शर्मा,२०६८)

ढुङ्गे युगमा सिकार खोज्न सक्नु, सिकार मार्न सक्नुलाई शिक्षाको रुपमा लिइन्थ्यो । त्यसपछि शिक्षाको शुरुवात घरबाटै भएको पाइन्छ, घरमा आफ्ना छोराछोरीलाई आफ्नो धर्म, संस्कृति, रितिरिवाज, मूल्यमान्यताहरु सिकाइन्थ्यो । एक पिढीबाट अर्को पिढीमा हस्तान्तरण गरिन्थ्यो । त्यसबेलाको शिक्षा प्रणाली ऋषिकूल, राजकूल, गूरुकूल, देवकूल जस्ता परिपाटीहरु प्रचलनमा थिए चिन्तन, मनन, प्रश्नोत्तर, बादविबाद, व्याख्या, प्रदर्शन, छलफल, विधिको प्रयोगबाटै शिक्षण हुन्थ्यो । विद्यार्थीहरुको चारीत्रिक गतिविधीहरु र सामूहिक परीक्षाको निम्ति धर्म र दर्शनको बारेमा छलफल हुन्थ्यो । भने शास्त्रस्थ विधिबाट पौरख र सार्मथ्य पहिचानको परीक्षा हुन्थ्यो । शिक्षा धर्म प्रदान हुने गर्दथ्यो । बौद्ध, विहार, गुम्बा, मन्दिरबाट दर्शनशास्त्र, वेदवेद्धाङ्ग, धर्मशास्त्र, बौद्धदर्शन, साहित्य, त्रिपिटक बारेमा संस्कृत र पाली भाषामा शिक्षा दिइन्थ्यो । शिक्षाको विकासमा सोकेटस, कन्फूसीयस, प्लेटो, अरस्तु, रुसो, मन्टेश्वरी, फ्रोबेल, गान्धी, बुद्ध आदिको महत्वपूर्ण योगदान पाइन्छ । एशियामा शिक्षाको विकास २५०० वर्ष पहिले गान्धरा (हालको अफगानिस्थान) बाट तक्षशिला विश्वविद्यालयको शुरुवात सँगै भएको पाइन्छ । (वाग्ले तथा कार्की,२०५८)

### १.१.१ नेपालमा औपचारीक शिक्षा प्रणालीको शुरुवात

कुनै पनि समाज वा राष्ट्रको शिक्षा प्रणाली त्यस राष्ट्रको इतिहाँससँग गाँसिएको हुन्छ । नेपालको शिक्षा प्रणालीको अध्ययन गर्नका लागि नेपालको इतिहाँसका बारेमा जानकारी गर्नुपर्ने हुन्छ । त्यसमा पनि विशेषतः नेपालको शैक्षिक इतिहासको अध्ययन गर्नुपर्ने हुन्छ ।

नेपालमा शिक्षाको सुरुवात प्राचीन कालदेखि नै अर्थात् नेपाली सभ्यता र संस्कृतिको सुरुवातसँगसँगै भएको पाइन्छ । तर त्यसको स्वरुप भने अनौपचारिक रहेको पाइन्छ । तथा अनुभव र माजिक आचरण तथा व्यवहारका कुराहरु अनौपचारिक रुपमा सिकाउने पारिवारिक

शिक्षा नै नेपाली शिक्षा पद्धतिको सुरुवात मान्न सकिन्छ । वर्णाश्रम व्यवस्थाको सुरुवातपछि हिन्दु धर्म दर्शनमा आधारित वैदिक वा संस्कृत शिक्षाको सुरुवात र बौद्ध धर्म र दर्शनमा आधारित बौद्ध शिक्षाको सुरुवात पनि प्राचीन कालमै भएको पाइन्छ । प्राचीनकालीन संस्कृत तथा बौद्ध शिक्षा दुवै गुरुकूल पद्धतिमा आधारित, समाजका सीमित व्यक्तिहरुले मात्र अवसर पाउने, सम्बन्धित धार्मिक ग्रन्थहरुको मात्र पठन-पाठन हुने, मठमन्दिर तथा बौद्ध गुम्बा तथा बिहारहरुमा सञ्चालन हुने तथा पूर्णतया अनौपचारिक पद्धतिमा आधारित थियो । तरपनि यस किसिमको शिक्षा व्यवस्थाको प्रभाव लामो समयसम्म रहेको पाइन्छ । वि.स. १९१० मा दरबार स्कूलको स्थापना हुनु अघि सम्म नेपाली शिक्षा पद्धति पूर्ण रुपमा अनौपचारिक र हिन्दू तथा बौद्ध धर्म र दर्शनमा आधारित भएको पाइन्छ ।

प्रथम राणा प्रधानमन्त्री जंगबहादुरद्धारा आफ्ना छोरानातिहरुका लागि अंग्रेजी शिक्षा दिने उद्देश्यले स्थापित दरबार स्कुल (प्राइमरी स्कुल) नै नेपालको पहिलो औपचारिक शिक्षण संस्था हो । वि. स. १९१५ (सन् १८५८) मा शिक्षा निर्देशकको कार्यालय खोली जंगबहादुरले आफ्ना ठाईला छोरा जनरल बबरजंग लाई डाइरेक्टरमा नियूक्ति गरी नेपालको शैक्षिक इतिहाँसमा उनि नै पहिला डाईरेक्टर बने । यस विद्यालयका रोस नाम गरेका व्यक्ति नै नेपालका पहिलो प्रधानाध्यापक हुन् भने दैनिक गतिविधि क्यानिङ ले हेर्ने गर्थे । वि सं १९३२(सन् १८७५) मा धिर शमशेर डाईरेक्टर भए त्यति बेला रु २०० तलब पाउने गरी केदारनाथ चटोपाध्यलाइ प्रधानाध्यापकमा नियूक्ति गरेको पाईन्छ । सोही समयदेखि नेपालमा शिक्षालाई संस्थागत गर्ने प्रक्रियाको थालनी भएको हो । (शर्मा,२०६८)

१०४ वर्ष लामो राणा शासनको अवधिभित्र केवल ३१० वटा प्राइमरी स्कुल, १५ वटा मिडिल स्कुल (अंग्रेजी, संस्कृत तथा आधारसमेत), २७ वटा हाइस्कुल (अंग्रेजी, संस्कृत र आधारसमेत) उच्च शिक्षण संस्थाको रुपमा त्रि-चन्द्र कलेजको मात्र स्थापना हुनुले वि.स. २००७ सम्म पनि हाम्रो शिक्षा पद्धतिले स्पष्ट गति नलिएको कुराको संकेत गर्दछ । देशमा प्रजातन्त्रको स्थापना भएपछि जनस्तरबाट पनि विद्यालय तथा महाविद्यालयहरु स्थापना गर्ने क्रम सुरु भयो । शिक्षालाई राष्ट्रिय आवश्यकताहरु सँग सम्बन्धित बनाइनुपर्दछ भन्ने सोचको विकास हुन थाल्यो । फलस्वरुप, देशका लागि कस्तो प्रकारको शिक्षा पद्धतिको आवश्यकता पर्दछ भन्ने कुराको अध्ययन गर्नका लागि सरदार रुद्रराज पाण्डेको अध्यक्षतामा राष्ट्रिय शिक्षा बोर्डको गठन भयो र सोही बोर्डको सिफारिसमा नेपाल राष्ट्रिय शिक्षा योजना आयोगको गठन भयो । उक्त आयोगले २०११ सालमा 'नेपालमा शिक्षा' नामक आफ्नो सुझावसहितको प्रतिवेदन पेश गऱ्यो । उक्त प्रतिवेदनमा शिक्षालाई योजना, स्कुल र पाठ्यक्रमका आधारमा राष्ट्रिय बनाउनुपर्ने, प्राथमिक तथा प्रौढ शिक्षा देशव्यापी र निःशुल्क हुनुपर्ने, प्राथमिक तथा माध्यामिक शिक्षा ५/५ वर्षे हुनुपर्ने, शिक्षक तालिमको व्यवस्था गरिनुपर्ने, प्राथमिक शिक्षा साक्षरतासँग सम्बन्धित हुनुपर्ने जस्ता कुराहरुमा जोड दिइएको थियो । तर आयोगका सिफारिसहरु कार्यान्वयनमा आउन नपाउँदै वि.स. २०१७ मा पंचायती व्यवस्थाको सुत्रपात भयो । देशको राजनीतिक व्यवस्था परिवर्तन भएपछि शिक्षा पद्धतिलाई पनि परिवर्तित परिवेशअनुरुप बनाउनका लागि वि.स. २०१८ मा तत्कालीन शिक्षामन्त्री विश्वबन्धु थापाको अध्यक्षतामा सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको गठन भयो । उक्त समितिले देशभर एकै प्रकारको शिक्षा पद्धति लागू गर्ने, शिक्षाको माध्यम एउटै गर्ने, प्राथमिक शिक्षालाई निःशुल्क र अनिवार्य बनाउनुपर्ने, माध्यमिक शिक्षा ६ वर्षे हुनेपर्ने, शिक्षक प्रशिक्षणलाई व्यापक बनाउनुपर्नेजस्ता

कुराहरुमा जोड दिएको थियो । यस समितिका सुझावहरु कार्यान्वयनमा आउन सुरु नगर्दै वि.स. २०१९ मा युनेस्कोको सहयोगमा गठित उड आयोगले पनि अनिवार्य तथा निःशुल्क प्राथमिक शिक्षा र सरकारी तथा निजी विद्यालयहरुलाई राष्ट्रिय परिपाटीमा सम्मिलित गरिनुपर्ने तथा माध्यमिक शिक्षालाई व्यवसायिक बनाउनु सुझाव पेश गर्‍यो । शिक्षा आयोग तथा समितिहरु गठनकै क्रममा वि.स. २०२४ मा राष्ट्रिय शिक्षा सल्लाहाकार परिषद् र २०२६ सालमा सल्लाहाकार समितिको गठन भयो । तैपनि नेपालको शिक्षा पद्धतिले समयसापेक्ष गति लिन सकेन । स्व.महेन्द्रबाट राष्ट्रिय शिक्षा पद्धतिको योजनाको घोषणा भयो । देशको शिक्षा पद्धतिलाई व्यवस्थित, वैज्ञानिक र समयसापेक्ष बनाउँदै गुणात्मक शिक्षाको विकास र विस्तार गर्ने उद्देश्यले वि.स.२०२८ वैशाख ३ गते घोषणा भएको राष्ट्रिय शिक्षा पद्धतिको योजना नेपालको शैक्षिक इतिहासमा योजनावद्ध शैक्षिक प्रक्रियाको शुभारम्भ हो । यस योजनामा शिक्षाका राष्ट्रिय तथा तहगत उद्देश्यहरुको निर्धारण, ३ वर्षे प्राथमिक, ४ वर्षे निम्नमाध्यामिक र ३ वर्षे माध्यमिक, निश्चित पाठ्यक्रम तथा पाठ्यपुस्तकको व्यवस्थापन, राष्ट्रिय शिक्षा प्रणालीको स्थापना, शिक्षक तालिम, व्यवसायिक माध्यमिक शिक्षा, शैक्षिक प्रशासन तथा निरीक्षण, विद्यार्थी मूल्याङ्कन जस्ता कुराहरुमा विशेष जोड दिइएको थियो । पंचवर्षिय योजनाका रुपमा २०२८ सालमा कास्की र चितवन जिल्लाबाट सुरु गरिएको यो योजनाको वि.स. २०३२ मा मध्यावधि र २०३७ मा पूर्णावधि मूल्याङ्कन भएको थियो । फलस्वरुप, २०३८ मा पाठ्यक्रम कार्यान्वयन योजना लागु गरी विद्यमान पाठ्यक्रम तथा विद्यालयको तहगत संरचनामा सामान्य हेरफेर गरिएको थियो । (शर्मा,२०६८)

वि.स.स २०४९ सम्म राष्ट्रिय शिक्षा पद्धतिको योजनाले निर्दिष्ट गरेबमोजिम नै नेपालको शिक्षा पद्धतिको सञ्चालन हुँदै आएको पाइन्छ । वि.स. २०४६ मा प्रजातन्त्रको पुनर्वहाली भएपश्चात् देशको शिक्षा पद्धतिलाई पनि परिवर्तित परिवेशअनुरुप बनाउनका लागि वि.स. २०४७ मा गठित तथा २०४८ मा पुनर्गठित राष्ट्रिय शिक्षा आयोगले वि.स. २०४९ मा आफ्नो सुझावसहित प्रतिवेदन प्रस्तुत गर्‍यो । जसमा शिक्षाको राष्ट्रिय तथा तहगत उद्देश्य, सङ्गठनात्मक संरचना, पाठ्यक्रम, पाठ्यपुस्तक तथा मूल्याङ्कन प्रणालीजस्ता कुराहरुलाई समयसापेक्ष बनाउँदै शिक्षाको गुणात्मक विकास गर्नेजस्ता कुराहरु समाविष्ट भएको पाइन्छ यसैक्रममा उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ ले पनि देशको शिक्षा पद्धतिलाई गुणात्मक तथा समयसापेक्ष बनाउनका लागि विभिन्न सुझावहरु प्रस्तुत गरिसकेको छ । तर, हाम्रो विद्यमान शिक्षा पद्धति राष्ट्रिय शिक्षा आयोग २०४९ ले निर्दिष्ट गरेबमोजिम तथा उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ ले दिएको सुझावहरु समेतलाई आधार मान्दै हालसम्म सञ्चालन हुँदै आएको छ । (ढकाल,२०६२)

भोजपुर जिल्लाको सन्दर्भमा वि स १९३२ मा भोजपुरको दिंलामा नेपालकै पहिलो विद्यालय खोलेको पाईन्छ । हाल भोजपुर जिल्लामा प्रा.वि.२७९ वटा नि.मा.वि.५६ ,मा. वि.४२, उ.मा.वि. २८ ओटा सन्चालित छन। भने स्रोत केन्द्र १८, क्याम्पस ३, सन्चालनमा छन । शिक्षक सख्या प्रा.वि. मा १२५९, नि.मा.वि.मा २९३, मा.वि.मा २२८ र उ.मा.वि. मा ३२ जना छन । (शैक्षिक झलक, भोजपुर,२०७०)

### १.१.२ पाठ्यक्रम कार्यान्वयन तथा योजना

पाठ्यक्रम योजनाले विद्यार्थीहरुलाई विभिन्न क्रियाकलापमा सहभागी गराउने लक्ष्य राखेको हुन्छ भने त्यो लक्ष्यको प्राप्ती पाठ्यक्रम योजनाको कार्यान्वयनबाट मात्र सम्भव हुन्छ । पाठ्यक्रमको कार्यान्वयन, शिक्षक प्रधानाध्यापक, विद्यार्थीहरुबाट गरिन्छ । जसलाई शिक्षण भनिन्छ । शिक्षणको प्रमुख उद्देश्य विद्यार्थीहरुको व्यक्तिगत सामाजिक, मानसिक नैतिक, संवेगात्मक लगाएतका सम्पूर्ण पक्षको विकास गर्नु हो । यसरी विद्यार्थीहरुमा सर्वाङ्गिण विकास गराउने कार्य प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, वातावरणको अन्तरक्रियाबाट मात्र सम्भव हुन्छ । शिक्षण पाठ्यक्रमको कार्यान्वयन गर्ने प्रकृया हो । सामान्यतया विद्यालयको अवस्थामा शिक्षक र विद्यार्थी बीचको अन्तरक्रियालाई शिक्षण भनिन्छ । यदि शिक्षणको अभाव छ भने त्यहा पाठ्यक्रम कार्यान्वयन भएको छ भन्न सकिदैन । पाठ्यक्रमले राखेको लक्ष्य तथा उद्देश्य पुरा गर्न पाठ्यक्रम कार्यान्वयन हुनु अत्यावश्यक हुन्छ । पाठ्यक्रम विद्यार्थीहरुको सर्वाङ्गिण विकास गराउने एउटा योजना हो । यस योजनामा सिकाई अवसरहरु प्रदान गर्ने रणनीतिहरु समावेस हुन्छन् । शैक्षिक योजनाकर्ता शैक्षणिक प्रकृया र शिक्षणलाई एकिकृत कार्यको रुपमा स्वीकारेर शैक्षणिक योजना निर्माण तथा शिक्षण गरेमा पाठ्यक्रमको प्रभाकारी कार्यान्वयन सम्भव हुन्छ । पाठ्यक्रम जस्तो महत्वपूर्ण विषयलाई विद्यालय भित्र कार्यान्वयन गर्नु अपरिहार्य छ । पाठ्यक्रम लाई मुख्य रुपमा कार्यान्वयन गर्ने दायित्व प्रधानाध्यापक शिक्षहरुको नै हो । यदि कार्यान्वयन पक्ष नै कमजोर भयो, पाठ्यक्रम कार्यान्वयन नै सही रुपमा भएन भने समग्र शिक्षा विकासलाई असर पर्दछ । पाठ्यक्रमले राखेको उद्देश्य पुरा गर्न सम्भव हुँदैन पाठ्यक्रम निर्माण राम्रो सँग गरिएको छैन भने त्यसको प्रभावकारीता माथि प्रश्न उठ्न सक्छ । पाठ्यक्रमलाई सही रुपमा कक्षा कोठामा लागु गर्न लगाउने जिम्मा प्रधानाध्यापकको हो भने सही रुपमा अनुगमन, मूल्याङ्कन, रेखदेख, निर्देशन गर्ने जिम्मा पनि प्रधानाध्यापक कै हुन आउँछ । प्रधानाध्यापक मात्रै त्यस्तो जिम्मेवारी व्यक्ति हो जसले पाठ्यक्रम कार्यान्वयन सम्बन्धि सम्पूर्ण कार्यहरु गर्न सक्छन् ।

औपचारिक शिक्षाको शुरुवात विद्यालयबाट हुन्छ । विद्यालयले विद्यार्थीका सर्वाङ्गिण पक्षको विकास गर्नु पर्ने हुन्छ । विद्यालयले नै औपचारिक शिक्षाको पहिलो आधार भएकोले विद्यार्थीहरुले कस्तो शिक्षा आर्जन गर्दछन् भन्ने कुरा विद्यालयको वातावरणमा निर्भर हुन्छ । विद्यालयको वातावरण सौहार्द बनाउने विद्यालयको अध्ययन, अध्यापन सौहार्द बनाउने कुराको प्रमुख जिम्मा प्रधानाध्यापकको काँधमा आइपर्छ । प्रधानाध्यापक विद्यालको प्रमुख अङ्ग हो । उसको क्षमता योग्यता, सीप, व्यवसायिक दक्षता आदिमा विद्यालय सुधारको लागि

प्रधानाध्यापकको भूमिका प्रभावकारी छ छैन भन्नेकुराको अध्ययन गर्न अत्यन्तै सान्दर्भिक हुन्छ । विद्यालयको उन्नती प्रगति, राम्रो, नराम्रो कस्तो छ भन्ने कुरामा प्रधानाध्यापकको भूमिका महत्वपूर्ण हुन्छ । उसले मात्र यी कुरामा नेतृत्व गरि परीवर्तन गर्न सक्ने भएकोले विद्यालयको उन्नती, प्रगति राम्रो भए यसको श्रेय पनि प्रधानाध्यापकमा जाने भएकोले तथा खराब भएमा त्यसको अपजस पनि प्रधानाध्यापकलाई जाने गर्दछ । पाठ्यक्रम जस्तो संवेदनशील विषयलाई कार्यान्वयन गर्नु प्रधानाध्यापकको चासोको विषयको रुपमा लिइन्छ । त्यसैले आफ्नो विद्यालयमा पाठ्यक्रम कार्यान्वयनको अवस्थाबारे प्रधानाध्यापकले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छन् । (थापा, २०६९)

पाठ्यक्रम शिक्षण सिकाइको एक विस्तृत योजना हो । पाठ्यक्रम योजना गर्नुको प्रमुख उद्देश्य विद्यार्थीहरुलाई निश्चित शिक्षण सिकाई क्रियाकलाप सुलभ गराएर उनीहरुलाई उच्चतम सिकाई अनुभवहरु प्राप्त गर्ने अवसर प्रदान गर्नु हो । विद्यार्थी वा विद्यार्थीहरुको समूहलाई छनौट गरिएका वा योजना गरिएका सिकाई क्रियाकलापहरुमा संलग्न हुने अवसर दिएर उनीहरुमा उच्चतम फाइदा लिन सक्षम बनाउनु नै पाठ्यक्रम योजनाको प्रमुख लक्ष्य हो । यसरी सिकाई अवसरमा विद्यार्थीहरुलाई साझेदार बनाउने कार्य शिक्षकले योजनागर्न सक्छ । वा शिक्षण सिकाइको क्रममा शिक्षक, प्रधानाध्यापक विद्यार्थीहरुलाइ सिकाई क्रियाकलापमा सहभागी बनाउने कार्यले विद्यार्थीहरुमा सिकाई अनुभवहरुको प्राप्ती हुन्छ । ( खड्का,२०६९)

शिक्षा नियमावली २०५९ ले उल्लेख गरे अनुसार प्रधानाध्यापकले थप पाठ्यपुस्तक वा पाठ्यसामाग्री अध्यापन गर्न जि.शि.का. मा निवेदन दिई स्वीकृति लिनु पर्ने पाठ्यपुस्तक अध्यापन गर्ने स्वीकृति दिन मनासिब देखिएमा पाठ्यक्रम बिकास केन्द्रको सुचिमा देखिएमा जि.शि.अ.ले पाठ्यपुस्तक स्वीकृति दिनेछ । विद्यालयले अध्यापन गराउने ऐच्छिक विषय जि.शि.अ.लेस्वीकृति दिनेछ । साथै विद्यालयले नेपाल सरकार बाट स्वीकृत पाठ्यपुस्तक वा अन्य सर्न्दभ सामाग्री प्रयोग गरे नगरेको सम्बन्धमा निरिक्षण, अनुगमन गर्ने कार्य जि.शि.अ.को हुने छ । कुनै पनि विद्यालयले नेपाल सरकार बाट स्वीकृत पाठ्यपुस्तक वा अन्य सर्न्दभ सामाग्री प्रयोग नगरेमा वा विद्यालय वाट विद्यार्थीहरुलाई पाठ्यपुस्तक खरिद गर्न बाध्य बनाएमा जि.शि.अ.ले त्यस्तो प्रधानाध्यापकलाई ऐन बमोजिम सजाय गर्नेछ (शिक्षा नियमावली, २०५९)

### १.१.३ प्रधानाध्यापकको भुमिका तथा जिम्मेवारीहरु :

विद्यालयको प्रभावकारीताको महत्वपूर्ण पक्ष भनेको प्रधानाध्यापकको सक्षम नेतृत्व नै हो । प्रधानाध्यापकको विभिन्न भूमिकाहरु हुन्छन् । ती मध्ये शैक्षिक नेतृत्व प्रदान गर्ने, समुदाय सँग सम्बन्ध स्थापित गर्ने, कर्मचारी प्रशासन गर्ने, साधन स्रोत, भौतिक, आर्थिक व्यवस्थापन गर्ने, पाठ्यक्रम, पाठ्यपुस्तक कार्यान्वयन गर्ने आदि । प्रधानाध्यापक एउटा त्यस्तो शैक्षिक नेता र एउटा मिश्रित तथा भिन्न समुदायको प्रमुख कार्यकारी अधिकृतको ताल्चा हो । जसले साधारण प्रोफसर, लेक्चर, विद्यार्थी तिनका अभिभावक कर्मचारी र सरकारी अंगको रुपमा रुपमा काम गर्दछ, विद्यालयको प्रमुख शक्तिको रुपमा रहेको प्र.अ.ले विद्यालयको उन्नती र अवनती गर्नमा विशेष भूमिका खेल्छ । संसारमा केही त्यस्ता व्यक्तिहरु छन् जसले आफ्नो कर्तव्य र उत्तरदायित्वको बोझ प्र.अ.को भन्दा बढि कष्टप्रद छ भनेका छन् । (ढकाल,२०६१)

प्रधानाध्यापकको भूमिकामा विषयमा चर्चा गर्दै २०११ को राष्ट्रिय शिक्षा योजनाको आयोगले प्रस्तुत गरेको सिफारिसमा भनिएको छ "जिल्ला र प्रादेशिक पर्यवेक्षकहरु शिक्षक र पाठशालाहरुलाई न्यूनतम स्तर स्थिर राख्न मद्दत हुने बाटो देखाउन सक्दछन् तर पर्यवेक्षणको साँच्चिकै काम, उपकरण र मैत्रिपूर्ण पथ प्रदर्शन स्थानीय तहमा सुयोग्य सहानुभूति प्रधानाध्यापकबाट नै राम्ररी हुन सक्दछ । " यसका अतिरिक्त आवश्यक परेको बखतमा जिल्लाको पदाधिकारीसँग व्यवसायिक सल्लाह लिने गरी नीति निर्माण, प्रवन्ध समिति र कार्यकारी पदाधिकारी प्रधानाध्यापकको बीचमा स्थानीय नियन्त्रण बाँड्नु पर्छ ।

राष्ट्रिय शिक्षा आयोग २०४९ को प्रतिवेदनले प्रंधानाध्यापकको भूमिकालाई प्रभावकरी बनाउनुपर्ने भनी यसरी उल्लेख गरेको छ "बितेको वर्षहरुका अनुभवबाट स्पष्ट भएको छ कि अहिलेको प्रधानाध्यापकको व्यवस्था उपयुक्त देखिन्न भन्दै विद्यालयको शैक्षिक तथा अन्य दातृको विकास धेरै हदसम्म प्रधानाध्यापकको क्षमतामा भर पर्छ । यस्तो महत्वपूर्ण पदमा काम गर्ने व्यक्तिहरुका लागि खास तालिमको व्यवस्था गर्ने व्यक्तिहरुका लागि खास तालिमको व्यवस्था गरेको पाइन्न । प्रधानाध्यापकको शैक्षिक नेतृत्वलाई विचार गरी सो आयोगले प्रधानाध्यापक पदमा कुनै शिक्षकलाई खास अवधिको लागि नियुक्ति गर्नुपर्छ र प्रधानाध्यापकको पदबाट फर्केपछि शिक्षकको रुपमा काम गर्ने व्यवस्था हुनुपर्छ (शि.आयोग, २०४९)

उच्च स्तरीय शिक्षा आयोगको प्रतिवेदन(२०५५), ले प्रधानाध्यापकको सिमित अधिकार भनि यसलाई एउटा प्रमुख समस्या वा मुद्दाको रुपमा लिएर विद्यालयको शैक्षिक व्यवस्थापन सूधार्न प्रधानाध्यापकको भूमिकालाई प्रभावकारी बनाउने यसरी उल्लेख गरेको छ । "प्रधानाध्यापकको पदलाई व्यवस्थापक, विद्यालयल तहको प्रशासक र सक्षम शैक्षिक नेतृत्व प्रदान गर्ने दायित्वको रुपमा सुदृढ गर्न सकिएको छैन । प्राथमिक तहमा प्र.अ.को छुट्टै पदको व्यवस्था छैन र प्रधानाध्यापकले पाउने तालिम र प्रोत्साहन अपर्याप्त छ प्रधानाध्यापकको नियुक्ति, काम, कर्तव्य र अधिकार नाम रहेको यसबाट अपेक्षित भूमिका निर्वाह हुन सकेको छैन । प्रधानाध्यापकलाई प्रशासनिक र शैक्षिणिक सुपरिवेक्षणका लागि नेतृत्व प्रदान गर्न सक्षम तुल्याउनु पर्छ । प्राथमिक तहमा निम्न माध्यमिक योग्यता भएको, निम्न माध्यमिक तहमा उच्च माध्यमिक तहको योग्यता भएको शिक्षकलाई प्रधानाध्यापक बनाउनु पर्छ । प्रधानाध्यापकको तलबको २५% रकम प्रधानाध्यापकको भत्ता हुनु पर्दछ र प्रधानाध्यापकको काम कर्तव्य र अधिकारलाई ऐनमा नै व्यवस्था हुनु पर्दछ"। (उ.रा.शि.आयोग,२०५५)

विद्यालयलाई प्रभावकारी व्यवस्थाको लागि प्रधानाध्यापक एउटा प्रवन्धक हो आफ्नो पद प्रति जिम्मेवार र सक्षम बनाउनु पर्दछ । विद्यालय व्यवस्थापन प्रशासन निरिक्षण, सम्बन्धि तालिम दिई शिक्षण सेवामा कम्तिमा एघारौ तहको व्यक्ति सरह बनाउनु पर्दछ । विद्यालयमा अनियमियतता गर्ने र गयल हुने शिक्षकलाई सजिलै कारवाही गर्ने सक्ने अधिकार दिइनु पर्दछ । प्राथमिक विद्यालय तह वा कुनै तहको किन नहोस प्रधानाध्यापक हुनको लागि जुन तहको प्रधानाध्यापक हुने हो सो भन्दा माथिल्लो योग्यता हाँसिल गरेको हुनुपर्ने प्रावधान बनाइनु पर्दछ । यसरी प्रधानाध्यापक बनाइएको हरुको भत्ता अन्य शिक्षकहरुले पाउने तलवको पच्चिस प्रतिशत निश्चित गरीनु पर्दछ । विद्यालय व्यवस्थापन विद्यालय प्रशासनका साथसाथै शैक्षिक व्यवस्थापन जस्ता कार्यहरु प्रधानाध्यापकको उत्तरदायित्व अन्तर्गत पर्दछ । नेपालको परीवेशमा हेर्दा प्रधानाध्यापक विद्यालयको लागि स्रोत, साधनहरुको उचित संचालनमा लगाव हुनै पर्दछ । यसका अतिरिक्त प्रधानाध्यापक भविष्यमा आफ्ना स्टाफहरुका लागि निर्देशन दिने निरिक्षण, प्रशिक्षण तथा नेताको रुपमा देखिनु पर्दछ । शिक्षण सिकाई प्रबर्द्धन गर्नका लागि उसले नमुना शिक्षक बनी भूमिका निर्वाह गर्न सक्ने बनाउन उनीहरुलाइ व्यवस्थापन र निरीक्षण दुवै किसिमको तालिम दिइनु पर्दछ । विद्यालयको प्रभावकारी संचालनमा प्रधानाध्यापकको नेतृत्वमा भर पर्ने हुदा

उनीहरुलाई स्वायत्तता बनाइनु पर्दछ, प्र.अ. लाई विद्यालय व्यवस्थापन समिति र जिल्ला शिक्षा समितिलाई भन्दा माथिल्लो ओहोदामा राखि अधिकारको प्रत्याभूत गराइनु पर्दछ । शिक्षा मन्त्रालयले प्र.अ.को छनौटको आधारलाई स्पष्ट रुपमा परिभाषित गर्नु पर्दछ । माध्यमिक शिक्षा विकास परियोजनाले उचित तालिमको व्यवस्था गरिनु पर्दछ । (आ.प्रा.शि.प)

**शिक्षा नियमावली २०५९ ले उल्लेख गरेको प्रधानाध्यापकका काम कर्तव्य र अधिकारहरु यस प्रकार छन् :–**

- रुकोस विद्यालयमा शैक्षिक वातावरण गुणस्तर अनुशासन कायम राख्ने ।
- विद्यालयका शिक्षक तथा कर्मचारीहरुसँग समन्यवय गरी शिक्षक, कर्मचारी विद्यार्थी र अभिभावकहरुवीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्न ।
- विद्यालयमा अनुशासन सचरित्रता, शिष्टता कायम गर्न आवश्यक काम गर्न ।
- शिक्षकहरुसँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्बन्धि कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए नभएको निरिक्षण गर्ने ।
- विद्यालयमा सरसफाई, अतिरिक्त क्रियाकलाप आदिको प्रवन्ध गर्ने गराउने ।
- विद्यालयको प्रशासनिक कार्यको संचालन तथा नियन्त्रण गर्न ।
- विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा परीक्षा संचालन गराउने ।
- विद्यार्थीलाई स्थान्तरण तथा अन्य प्रमाणपत्र दिने ।
- विद्यालयमा भए गरेका महत्वपूर्ण कामकारवाहीको अभिलेख राख्ने ।
- कुनै शिक्षकले जानीजानी वा लापारवाहीसाथ कुनै काम गर्नाले विद्यालयलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलवबाट कट्टा गरी असुल गर्ने
- विद्यालयले आफ्नै स्रोतमा नियुक्ति गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिका सिफारीस वमोजिम अवकास लगयतका अन्य विभागीय कारवाही गर्ने ।
- शिक्षक र कर्मचारीहरुको आचरण र कार्यसम्पादन सम्बन्धी प्रतिवेदन, जिल्ला शिक्षा कार्यालयमा सिफारिस गर्ने ।
- शिक्षकलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा जिल्ला शिक्षा कार्यालयमा सिफारिस गर्ने ।

- महिनामा कम्तीमा एकपटक शिक्षकहरुको बैठक बोलाई विद्यालय सम्बन्धि विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने ।
- विद्यालयको स्रोतबाट तलब भत्ता खाने गरी नियूक्ति भएका शिक्षक तथा कर्मचारीहरुको तलव सम्बन्धि प्रतिवेदन पारित गर्न व्यवस्थापन समितिमा पेस गर्ने
- विद्यालय भवन तथा छात्रावासको हाताभित्र कुनै किसिमको अभद्र व्यवहार हुन नदिने ।
- विद्यालयको वार्षिक योजना बनाई व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्ने गराउने ।
- विद्यालयमा अध्ययन अध्यापन सम्बन्धि मासिक, अर्धवार्षिक तथा वार्षिक कार्यक्रम वनाई कार्यान्वयन गर्ने गराउने।
- शिक्षकलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराई जिल्ला शिक्षा कार्यालयमा पठाउने ।
- कुनै विद्यार्थीले विद्यालयभित्र अनुशासन भङ्ग गरेमा निजलाई निष्कासन गर्ने ।
- विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्ने ।
- व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार वमोजिम रकम खर्च गर्ने र आय व्ययको हिसाब राख्ने तथा राख्नु लगाउने ।
- विद्यालयमा संचालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादीत ढङ्गबाट संचालन गर्ने गराउने ।
- कुनै शिक्षकले अध्यापन गरेका विषयमा लगातार तीन वर्षसम्म पन्ध्र प्रतिशत भन्दा बढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरवाही वा अनुशासनहीन काम गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्म तलव वृद्धि रोक्का गर्ने ।
- विद्यालयमा दैनिक रुपमा मन्त्रालयले तोके बमोजिम कक्षा लिने तथा लिन लगाउने
- नेपाल सरकारबाट स्वीकृत दरवन्दीमा नियुक्ति पाई कार्यरत रहेका शिक्षकको तलवीप्रतिवेदन पारित गर्न जिल्ला शिक्षा कार्यालयमा पठाउने ।
- आफ्नो मातहतका शिक्षक तथा कर्मचारीहरुको काम कर्तव्य तोक्ने ।
- जिल्ला शिक्षा कार्यालय तथा व्यवस्थापन समितिले दिएका निर्देशन पालना गर्ने गराउने ।
- विद्यालयको आफ्नो स्रोतबाट खर्च बेहोर्ने गरी नियुक्त भएका शिक्षकहमितिमा पेस गर्ने ।

## १.२ समस्याको कथन

विद्यार्थीलाई दिइने गुणात्मक शिक्षाको निम्ति पाठ्यक्रमको कार्यान्वयन हुनु आवश्यक हुन्छ । पाठ्यक्रम जति नै व्यवहारिक गुणस्तरीय भए तापनि सहि कार्यान्वयन भएन भने त्यसको औचित्य हुदैन । पाठ्यक्रम कार्यान्वयन भनेको यसको सिकाई उपलब्धी प्राप्त गर्ने क्रियाकलाप नै हो पाठ्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा शिक्षक तथा प्रधानाध्यापक नै अग्रसर जागरुक हुनुपर्छ तथापि पनि प्रधानाध्यापकले वार्षिक योजना बनाई कार्यान्वयनमा प्रत्यक्ष भूमिका खेल्नु पर्छ । प्रधानाध्यापकको मुख्य कार्य मध्ये पाठ्यक्रमको प्रभाकारी कार्यान्वयन पनि हो । विद्यालय शिक्षणका लागि गरिने क्रियाकलाप नै पाठ्यक्रमको एउटा वृहत योजनाहो । पाठ्यक्रम राम्रो छदैमा गुणस्तर बढ्छ भन्ने होइन । यो एउटा गुणात्मक शिक्षाको आधारमात्र हो । जब सम्म शिक्षकले कक्षाकोठामा के पढाउने कसरी पढाउने ? कस्ता शैक्षिक सामग्री प्रयोग गर्ने ? कसरी मूल्याङ्कन गर्ने ? भन्ने योजना बनाउदैन्, तबसम्म पाठ्यक्रमको सही प्रयोग हुदैन । विद्यालयको प्रत्येक कक्षा कोठा र विद्यार्थी सम्म पाठ्यक्रम पुऱ्याउने मुख्य जिम्मेवारी प्रधानाध्यापक कै हो । विद्यालयमा संचालन गरिने शिक्षण सिकाई क्रियाकलापमा अधिकतम सुधार गरी सिकाई उपलब्धी हाँसिल गर्नु नै प्रधानाध्यापकको भूमिका भित्र पर्दछ । कतिपय शिक्षकहरु तालिम अप्राप्त भित्र पर्दछन् । कतिपय शिक्षहरु तालिम अप्राप्त छन्, जसले पाठ्यपुस्तकलाई मात्र अध्यापनको सामग्री बनाउनु । पाठ्यपुस्तकको अभावमा विद्यालयको तहको पठनपाठन नै स्थगित गर्नु जस्ता समस्याहरु रहेका छन् । पाठ्यक्रम कार्यान्वयन सम्बन्धमा निम्न प्रश्नहरुको उत्तर खोज्ने प्रयास यो अध्ययनले गरेको छ ।

- विद्यालय तहमा पाठ्यक्रम कार्यान्वयन कसरी भईराखेको छ ?
- विद्यालयमा पाठ्क्रम कार्यान्वयन गर्दा प्रधानाध्यापकले के-कस्तो समस्या भोगीरहेका छन् ?
- विद्यालयमा पाठ्क्रम कार्यान्वयन गर्दा प्रधानाध्यापकले भोगीरहेका समस्याको समाधान कसरी गर्न सकिन्छ ?
- पाठ्यक्रम कार्यान्वयन सम्बन्धमा प्रधानाध्यापकले श्रोत व्यक्ति, शिक्षक, विद्यार्थी आदि सँग छलफल गरिरहेका छन् कि छैनन् ?
- पाठ्यक्रम शिक्षक निर्देशिका, अन्य सन्दर्भ सामाग्रीहरुको प्रयाप्तता कस्तो छ ?
- विद्यालयको भौतिक अवस्था कस्तो छ ?

- सहकार्यकलाप, अतिरिक्त क्रियाकलाप सञ्चालनको अवस्था कस्तो छ ?
- पाठ्यक्रम कार्यान्वयन, पाठ्यक्रम प्रबोधिकरण तथा अन्य पाठ्यक्रम सम्बन्धि तालिममा आफू लगायत शिक्षकलाई सहभागी गराएको छ कि छैन ?
- शिक्षण विधि, शैक्षिक सामाग्रीहरुको प्रयोगको अवस्था कस्तो छ ?
- शिक्षकहरुले शिक्षणको लागि कुन-कुन योजनाहरु बनाउँछन् ?
- योजनाहरु कक्षामा लागु गर्छन कि गर्दैनन् ?

➢ विद्यालयमा सरकारले तोकेका पाठ्यक्रम, पाठ्यपुस्तकहरु लागु गरेका छन् कि छैनन् यस्ता प्रश्नहरुको उत्तर खोज्ने प्रयास यो अध्ययनले गरेको छ । विद्यालय तहको पाठ्यक्रम कार्यान्वयनमा प्रधानाध्यापकको भूमिका नामक शोधपत्र तयार गर्ने उद्देश्यले तयार पारीएको यो शोध प्रस्तावले प्रधानाध्यापकको भूमिकाको सम्बन्धमा उत्तर खोज्ने प्रयास गरेको छ ।

## १.३ अध्ययनको औचित्य

देश विकासको विविध पक्षमा शिक्षाको जति महत्व र आवश्यकता छ । आजको परिस्थितिमा शिक्षामा गुणस्तरीयता कायम हुनु पनि त्यति नै आवश्यक छ । गुणस्तरीय शिक्षाले मात्र देशको राम्रो पहिचान दिन सक्छ । गुणस्तरीय शिक्षा हुनको लागि शिक्षण सिकाई क्रियाकलाप पनि प्रभावकारी हुनु पर्छ । प्रभावकारी र गुणस्तरीय शिक्षा नै आजको आवश्यक्ता हो । गुणस्तरीय शिक्षा आर्जनले बालबालिकाको भविष्य उज्जल हुन्छ । गुणस्तरीय शिक्षाको लागि पाठ्यक्रमको कार्यान्वयन पक्ष राम्रो हुनु पर्छ । कार्य सम्पादन गर्नको लागि प्रधानाध्यापकको भूमिका महत्वपूर्ण हुन्छ । यस सन्दर्भमा विद्यालयमा प्रधानाध्यापकले पाठ्यक्रम कार्यान्वयनमा कस्तो भूमिका निर्वाह गरेका छन् ? भनेर अध्ययन गर्नु औचित्यपूर्ण भएकोले यो अध्ययन गर्न खोजिएको हो ।

प्रस्तुत अध्ययन मुलत प्रधानाध्यापक संग सम्वन्धित भएकोले प्रधानाध्यापक हरुलाई पाठ्यक्रम कार्यान्वयन सम्बन्धि आफ्नो भूमिका अझ स्पष्ट पार्न सहयोग पुऱ्याउने छ । विद्यालयहरुमा पाठ्यकम कार्यान्वयन कसरी भएको छ, ? आफ्नो भुमिकालाई कसरी प्रभावकारी बनाउन सकिन्छ, ? पाठ्यकम कार्यान्वयन गर्दा के कस्ता समस्या बाधाहरु आई पर्दछन ? तथा अन्य विद्यालयहरुमा पाठ्यकम कसरी कार्यान्वयन भई राखेको छ ? विद्यालय शिक्षाको गुणस्तर बृद्धि गर्न आफ्नो भुमिकालाई व्यबस्थित पार्न यो अध्ययनले प्रधानाध्यापकहरुलाई मार्ग दर्शन गर्नेछ । साथै शिक्षाको गुणस्तरमा अपेक्षित सुधार हुन

नसकी लगानी त्यसै खेर गएको अवस्थामा शिक्षण सिकाई क्रियाकलापमा सुधार गर्न र आफ्नो भुमिकालाई सुदृढिकरण गर्न सहयोग पुर्‍याउने छ ।

विद्यालयमा पाठ्यक्रम कार्यान्वयन गर्ने जिम्मेवार व्यक्ति शिक्षकहरु हुन् । बिद्यालयमा पाठ्यक्रम कार्यान्वयन गर्दा आई पर्ने समस्या, प्रधानाध्यापकबाट कस्तो अपेक्षा राखेका छन, योजना निर्माण, कक्षा कार्य,गृहकार्य तथा अतिरिक्त क्रियाकलापमा शिक्षकहरुलाई आफ्नो भुमिका बारे स्पस्ट गराउने छ ।

विद्यालय शिक्षा संग प्रत्यक्ष सरोकार राख्ने अभिभाबक, विद्यार्थी स्रोतव्यक्तिहरुलाई यस अध्ययनले सहयोग पुर्‍याउने छ । साथै निति निर्माता, योजना निर्माणकर्ता र सरोकारवालाहरुलाई मार्ग निर्देशन गर्ने छ । आगामी अनुसन्धानका लागि महत्वपूर्ण मार्ग दर्शन गर्ने छ । साथै शोध कर्तालाई यस बिषय वस्तुमा नयाँ ज्ञान प्राप्त गर्न सन्दर्भ सामग्री बन्नेछ । प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक, विद्यालय, विद्यालय व्यवस्थापन समिति बीच राम्रो सम्बन्ध स्थापित गराउन सहयोग पुर्‍याउने छ ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका मुख्य उद्देश्यहरु यसप्रकार छन् :–

क) विद्यालय तहको पाठ्यक्रम कार्यान्वयमा प्रधानाध्यापकको भूमिकाको बिश्लेषण गर्नु ।

ख) विद्यालय तहको पाठ्यक्रम कार्यान्वयमा प्रधानाध्यापकका समस्याको पहिचान गर्नु ।

ग) विद्यालय तहको पाठ्यक्रम कार्यान्वयमा प्रधानाध्यापकका समस्या समाधानको उपायहरु पहिचान गर्नु ।

## १.५ अध्ययनको परिसीमा

यस अध्ययनकर्ता भोजपुर जिल्ला बासी भएको हुनाले अध्ययनलाई सजिलो बनाउनको लागि सुबिधाजनक जिल्ला छनोट गरी सिमित स्रोत साधन समयहरुको निर्धारण गरी भोजपुर जिल्ला अर्न्तगत निम्नानुसारको क्षेत्रमा सीमाङ्कन गरीएको छ ।

- भोजपुर जिल्लाका माध्यमिक विद्यालय सञ्चालन भएका छनोटमा परेका सामुदायिक बिद्यालयहरुका प्रधानाध्यापकहरु ।
- छनोटमा परेका सामुदायिक विद्यालयहरुका शिक्षकहरु ।
- छनोटमा परेका सामुदायिक विद्यालयहरुका बिद्यार्थीहरु ।
- भोजपुर जिल्लाका छनोटमा परेका सामुदायिक विद्यालयहरुका स्रोत व्यक्तिहरु ।

माथि उल्लेखित भोजपुर जिल्लाका कक्षा १ देखि १० सम्मका सामुदायिक विद्यालयहरुका प्रधानाध्यापक, शिक्षक, विद्यार्थीहरुमा यो अध्ययनका जनसंख्यामा सिमित रहने छ ।

## १.६.मूख्य शब्दहरुको अर्थ

यस अध्ययनमा प्रयोग भएका मुख्य शब्दहरु तथा त्यसका अर्थहरु यस प्रकार छन् :–

अभिभावक : सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीका बाबुआमा ।

उत्पादकत्व : उत्पादन क्षमता ।

कार्यान्वयन : पाठ्यक्रम लागू गर्नु ।

कार्यसम्पादन : प्रधानाध्यापकले कुनै पनि काम राम्रो संग सम्पादन गर्नु ।

कार्यदक्षता : प्रधानाध्यापकको राम्रो काम गर्ने दक्षता भएको ।

दृष्टिकोण : सिद्धान्त प्रतिको हेराई ।

प्रभावकारिता : तालिम प्राप्त र सीपयुक्त जनशक्तिबाट अध्ययन गराई विद्यार्थीहरुका उपलब्धीमा देखिने भिन्नता ।

प्रवर्तक : शिक्षामा बाटो देखाउने ब्यक्ति ।

सरोकारवाला : विद्यालयको पाठ्यक्रम कार्यान्वयनसँग प्रत्यक्ष सम्बन्ध राख्ने व्यक्तिहरु ।

# परिच्छेद-दुई
# साहित्यको पुनरावलोकन

## २.१ अध्ययनको सैद्धान्तिक खाका

कुनै पनि विषयवस्तुको अध्ययन अनुसन्धानका लागि त्यस विषय वस्तुबारे विगतमा भए गरेका शोध खोज एवम् सुझाव र विभिन्न लेख एवम् सम्बन्धित सिद्धान्तको अध्ययनको आवश्यकता हुन्छ । विद्यालय तहको पाठ्यक्रम कार्यान्वयनमा प्रधानाध्यापकको भूमिका नामक यो शोधपत्र तयार गर्ने उद्देश्यले प्रस्तुत यो शोधपत्रमा मायोको मानब सम्बन्ध सिद्दान्त, फोलेटको समन्वय सिद्धान्त, चेस्टर आई.बनार्डको व्यवहारबादी विज्ञान सम्बन्धि दृष्टिकोण र फ्रेड फिडलरको कार्य संचालन सिद्धान्त लाई आधारका रुपमा लिइएको छ ।

मायो (१९४९) का अनुसार कुनै पनि संगठनमा काम गर्नेहरु बीच राम्रो मानवीय सम्बन्ध कायम भएमा, कार्य सम्पादनमा तीब्रता, गुणस्तरीयता र प्रभावकारीता आउँछ । यसको विपरीत मानव सम्बन्ध नराम्रो भएमा कार्यसम्पादनमा ढिलो नराम्रो, अप्रभावकारी हुन मानब सम्बन्ध सिद्दान्तले जोड दिएको पाइयो । मानव सम्बन्ध विकासका लागि मायोका अनुसन्धानात्मक कार्यहरु ज्यादै उपयोगी मानिन्छन् । मायोले मानव सम्बन्धको सिद्धान्तलाई विभिन्न अनुसन्धानात्मक परीक्षणहरुका निष्कर्षहरुमा, कर्मचारीको कमी कमजोरी पत्ता लगाई समन्वय र प्रेरणा प्रदान गर्नुपर्छ । योग्यता अनुसार नेतृत्व विकास गराउनु पर्छ । सांगठनिक कृयाकलापमा सबैलाई सहभागी गराउनु पर्छ । कर्मचारीको दक्षता बढाउन आवश्यक पहल गर्नुपर्छ । दोहोरो र वास्तविक संचार प्रणाली स्थापना गर्नुपर्छ । मानिसलाई दया, माया, ममता, सम्मान, सत्कार आवश्यक हुन्छ । कार्यदक्षता बढाउन सामाजिक दक्षता बढाउनु पर्छ । औपचारिक तथा अनौपचारिक सबै संगठनलाई महत्व दिनुपर्छ । उत्पादकत्व भन्ने कुरा प्राविधिक पक्ष नभई सामाजिक पक्ष पनि हो । समुहकार्य दक्षताको आधारमा गर्नु पर्छ भन्ने निष्कर्ष निकालेको पाइन्छ । मैनाली (२०५६)

बनार्ड (१९३८) को ब्यबहारबादी विज्ञान सिद्वान्त अनुसार व्यक्तिगत अन्तर सम्बन्ध भन्दा संगठनात्मक व्यवहार मा बढि जोड दिएको पाइयो । संगठनलाई एउटा सामाजिक अंगको रुपमा मानेर सामाजिक वातावरवण, समूहको चालचलन, सामाजिक संस्कृति जस्ता पक्षको अध्ययन गरी व्यवस्थापनलाई प्रभावकारी बनाउन जोड दिए । प्रशासन र व्यवस्थापनलाई व्यवहारवादी विज्ञानको रुपमा हेरीनु पर्छ । कामदारको सामाजिक, मनोवैज्ञानिक एवम् व्यवहारिक अध्ययन गरीएमा मात्र कार्य सम्पादनमा प्रभावकारीता

आउँछ  प्रशासन एक सामाजिक संगठन हो । यहाँ विभिन्न समुदाय तथा समाजका व्यक्तिहरु संगठनमा आबद्ध हुन्छन् । संगठन एउटा औपचारिक रुप हो । प्रत्येक संगठन भित्र औपचारिक संगठनहरु सकृय हुन्छन्  संगठनमा प्रभावकारीता र कार्यदक्षता दुवै आवश्यकता पर्दछ । विद्यालय पनि एउटा संगठन भएकोले गर्दा प्रस्तुत अध्ययन बनार्डको यस व्यवहारबादी सिद्धान्तलाई आधार मान्न सकिन्छ । मैनाली (२०५६)

फोलेट (२०४१)को समन्वय सिद्धान्त अनुसार, प्रजातान्त्रिक र सहभागिता मुलक प्रकृयाद्धारा समन्वय गरिने मानव सम्वन्धमा जोड दिएकी छिन् । यस सिद्धान्तले व्यक्तिगत अन्तरसम्वन्ध भन्दा समुह तथा संगठनात्मक व्यबहारमा जोड दिन्छ । जति धेरै राम्रोसंग समन्वय र सम्बन्ध स्थापना गर्न सक्यो त्यति नै राम्रो सम्बन्ध कायम भई कार्य सम्पादनमा स्तरीयता एवम प्रभावकारीता हाँसिल हुन्छ । संस्थापक सम्बधित अधिकारीले आफ्ना मातहतका सम्वधित व्यक्ति वा पक्ष संग प्रत्यक्ष वा समतलीय विचार आदन, प्रदान गरी मानवीय सम्वन्ध कायम गरी, कार्यको प्रारम्भिक अवस्थामा नै निति निर्माण, योजना निर्माण देखि नै समन्वय गर्ने र यस वाट व्यक्तिमा उत्साह बड्छ । संस्थामा कर्मचारी, पैसा, मेसिन र सामग्री, बीच निरन्तर कियासिल रहने । व्यस्थापन कृयाकलापलाई प्रभावकारी वनाउन सम्वन्धित पक्ष संग उपयूक्त सम्वन्ध कायम हुनु पर्छ । शिक्षक, विद्यार्थी, अभिभावक आदि संगको समन्वय द्वारा उच्च स्तरको मानवीय सम्वन्ध कायम गर्न गराउन निकै उपयोगी हुन्छ । बरुवाल (२०५६)

फ्रेड फिडलर (१९६७) को कार्य संचालन सिद्धान्त अनुसार, नेतृत्वका दुई शैली हुन्छन् । एउटा मानव सम्पर्क वा नरम  शैली अर्को कार्यभार निर्देशित वा कठोर शैलि । संगठनका नेताले आफ्नो अनुकुल परिस्थिति छ भने मानव संम्पर्क बादी वा नरम नेतृत्व गर्न रुचाउछ  यदि अनुकुल परिस्थिति छैन भने कठोर शैली को नेतृत्व गर्न रुचाउछन् ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

**“विद्यालय तहको पाठ्यक्रम कार्यान्वयनमा प्रधानाध्यापकको भूमिका”** नामक शोध पत्रका लागि प्रस्तुत गरिएको यस शोध प्रस्तावमा त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तह द्वितीय खण्डको आंशिक आवश्यकता पुरा गर्न प्रयोगका लागि निम्न शोध पत्रको पुनरावलोन गरिएको छ ।

बरुवाल (२०५६) ले **शैक्षिक सुधारको लागि प्रधानाध्यापकको भूमिका** एक अध्ययनमा निम्न निष्कर्ष निकालेको पाइएको छ । प्रधानाध्यापकको छनौट गर्दा अनुभवि योग्य तालिम प्राप्त नेतृत्व गर्न सक्ने हुनुपर्ने । शिक्षा नियमावलीमा उल्लेख गरिएका काम, कर्तव्य र अधिकारहरुलाई कार्यान्वयन गर्नु पर्ने । प्रधानाध्यापकहरुको क्षमता विकासका लागि लामो तथा छोटो समयको तालिम उपलब्ध गुर्न पर्ने । प्र.अ.ले प्रोत्साहन तथा दण्ड जरीवानाको व्यवस्था गर्नु पर्ने । विद्यालय समुदायको सम्बन्ध राम्रो बनाउन विभिन्न कार्यहरु गर्नु पर्ने ।

मैनाली (२०५६) ले **"विद्यालय सूव्यवस्थापनमा प्रधानाध्यापकले सामना गर्नु परेका समस्याहरु"** नामक शोधपत्र त्रिभुवन विश्वविद्यालय अन्तर्गत महेन्द्ररत्न क्याम्पस ताहाचल अन्तर्गत लेख्नु भएको पाइयो । आधारभूत तथा प्राथमिक शिक्षा लागू भएका अधिराज्यको ४० जिल्ला मध्ये सर्लाही जिल्लालाई छनौट गरिएको पाइयो । यस अध्ययनका मुख्य सुझावहरुमा विद्यालयका विद्यार्थी व्यवस्थापनमा परेका समस्या र समाधानका उपायहरु तथा शैक्षिक वातावरण स्वच्छ बनाउने उपायहरुको खोजी गर्नु पर्ने । विद्यालयको शैक्षिक गतिविधिलाई प्रभावकारी र फलदायी तुल्याउनको लागि बजेट तर्जुमाका साथै अन्य तरिकाबाट पनि आर्थिक स्रोत खोजी गर्नु पर्ने । विद्यालयमा भएका शैक्षिक सामग्रीहरुको अधिकतम उपयोग गर्न सकिने उपाय तथा थप शैक्षिक सामग्री जुटाउन आवश्यक पर्ने उपायको खोजी गर्नु पर्ने । निष्कर्षहरुमा प्रधानाध्यापकको सुव्यवस्थापनको लागि प्रधानाध्यापकले भौतिक, आर्थिक, शैक्षिक, सामाग्रीको व्यवस्थापनमा ध्यान पुऱ्याउनु पर्ने । प्रजातान्त्रिक र निस्वार्थी भएर काम गर्नुपर्ने, अध्ययनशिल, जिज्ञासु, नम्र, भलाद्मी हुनुपर्ने समाजको आवश्यकता, चाहना अनुरुप चल्नु पर्ने । शिक्षा नियमावलीमा भएका आचारसंहिता पालना गर्ने र गराउनु पर्ने पाइयो ।

ढकाल (२०६०) ले **माध्यमिक विद्यालयको शिक्षण सिकाई सुधारमा प्रधानाध्यापकको भूमिका,** नामक शोधपत्र त्रिभुवन विश्वविद्यालय अन्तर्गत महेन्द्ररत्न क्याम्पस ताहाचल अन्तर्गत लेख्नु भएको पाइयो । यस शोधपत्रमा धादिङ्ग जिल्लाका १३ ओटा विद्यालयलाई आधार मानेर प्रस्तुत गरेको पाइयो । यस शोधपत्रको प्राप्त तथ्याङ्कको निष्कर्ष र सुझावहरुमा प्रधानाध्यापकहरुले विद्यालय शिक्षण सिकाई सुधारको लागि निभाएको भूमिका सन्तोषजनक भएको । शिक्षा नियमावली अनुसार तोकिएको काम कर्तव्य र अधिकार पूर्ण रुपमा आत्मसात नगरेको । पाठ्यक्रम कार्यान्वयन सम्बन्धी तालिमको

अभाव । तालिमको प्रभावकारी कार्यान्वयन गर्न निरन्तर मूल्याङ्कन र अनुगमनको अभाव । प्रधानाध्यापकले सबैसँग मित्रवत व्यवहार गर्नुपर्ने प्रधानाध्यापकको भूमिकालाई व्यवस्थित बनाउन विद्यालयलाई पठन पाठन मैत्री वातावरण बनाउनु पर्ने पाइयो ।

कोइराला (२०६३) ले **“तनहु जिल्लाको सामुदायिक मा.वि.मा शिक्षण सुधारको लागि प्रधानाध्यापकको व्यवस्थापकीय भूमिका”** त्रिभुवन विश्वविद्यालय अन्तर्गत महेन्द्ररत्न क्याम्पस ताहाचल अन्तर्गत तयार गर्नु भएको पाइयो । यस अध्ययनका उद्देश्यहरु विद्यालय तहमा शिक्षण सिकाई प्रभावकारी बनाउन शैक्षिक व्यवस्थापनमा प्रधानाध्यापकले निर्वाह गर्नुपर्ने भूमिकाको लेखाजोखा गरेको पाइयो । अध्ययनको क्षेत्र छनौट गर्ने क्रममा तनहु जिल्लाको घाँसीकुवा गा.वि.स. र ब्यास नगरपालिकाका ९ विद्यालयहरु छनौट गरिएको पाइयो । यस अध्ययनबाट प्रधानाध्यापक, शिक्षक, विद्यार्थी तथा अभिभावकहरुमा व्यवस्थापन सम्बन्धी विविध पक्षहरुको भूमिका शिक्षण सिकाई क्रियाकलापमा के हुन्छ भन्ने सम्बन्धमा अनभिज्ञ रहेको शैक्षिक सुधारको लागि पुस्तकालय विज्ञान प्रयोगशाला, खेलकुद, सामग्रीको लागि सरकारी निकायबाट खासै चासो नदेखाएको पाइयो । शिक्षाको गुणस्तर बढाउने तत्वहरु मध्ये शिक्षक तालिमको व्यवस्था प्रति प्र.अ.हरु गम्भिर रुपले लागि नपरेको पाइयो ।

खड्का (२०६९)ले **“सामुदायिक विद्यालयहरुको शैक्षिक व्यवस्थापनमा प्रधानाध्यापकको भूमिका”** नामको शोधपत्र बरुण बहुमुखी क्याम्पस, खादबारी संखुवासभाबाट तयार गर्नु भएको पाइयो । यस शोध अनुसन्धानको मुख्य उद्देश्यहरुमा सामुदायिक विद्यालयको शैक्षिक व्यवस्थापनमा प्र.अ.को भूमिकाको अध्ययन गर्नु, सामुदायिक विद्यालयको आर्थिक, भौतिक, मानव संसाधन व्यवस्थापन जिल्लाको दिंला स्रोतकेन्द्रलाई छनौट गरेको पाइयो । यस अध्ययनका मुख्य निष्कर्ष र सुझावहरुमा शैक्षिक व्यवस्थापन गर्न प्र.अ.को योगदान महत्वपूर्ण हुने । तालिम प्राप्त शिक्षकको अभाव, विद्यालयमा फर्निचर, शौचालय, पुस्तलकाय खेलमैदानको अभाव । शिक्षक, कर्मचारी, अभिभावक बीच सुमधुर सम्बन्ध नभएको, प्रधानाध्यापकले प्रशासन संचालनको अतिरिक्त अध्यापन गर्नु परेकोले शैक्षिक व्यवस्थापन गर्न कठिन भएको, शैक्षिक व्यवस्थापनको लागि सम्बन्धित कार्यालयबाट नियमित अनुगमन, सुपरिवेक्षण, छलफल, सुझाव, भेटघाट नभएको ।

थापा (२०६९)ले **"उच्च माध्यमिक तहको शैक्षिक व्यवस्थापनमा प्राचार्यको भुमिका"**नामको शोधपत्र सुकुना बहुमुखि क्याम्पस, ईन्द्रपुर, मोरङबाट तयार गर्नु भएको

पाइयो । यस शोध अनुसन्धानको मुख्य उद्देश्यहरुमा सामुदायिक विद्यालयको शैक्षिक व्यवस्थापनमा प्राचार्यको भूमिकाको अध्ययन गर्नु, सामुदायिक विद्यालयको शैक्षिक व्यबस्थापन गर्न सामना गर्नु परेका समस्याहरु पहिचान गर्नु रहेको पाइयो । अध्ययन का निष्कर्षहरुमा तालिम प्राप्त शिक्षकको अभाव, विद्यालयमा फर्निचर, शौचालय, पुस्तलकाय खेलमैदानको अभाव, तालिमको प्रभावकारी कार्यान्वयन गर्न निरन्तर मूल्याङ्कन र अनुगमनको अभाव । प्राचार्यको सुव्यवस्थापनको लागि भौतिक, आर्थिक, शैक्षिक, सामाग्रीको व्यवस्थापनमा ध्यान पुऱ्याउनु पर्ने । शिक्षा नियमावलीमा उल्लेख गरिएका काम, कर्तव्य अधिकारहरुलाई कार्यान्वयन गर्नु पर्ने पाईयो ।

यसरी माथि उल्लेखित शोधपत्रहरुमा प्रधानाध्यापकको विभिन्न भूमिकाहरुको बारेमा अध्ययन गरिएको भएता पनि । पाठ्यक्रम कार्यान्वयन जस्तो महत्वपूर्ण पक्षलाई भने कम समेटेको पाइयो । त्यसैले माथि उल्लेख गरिएको शोधपत्रहरु भन्दा प्रस्तुत शोधपत्र पृथक छ भन्न सकिन्छ ।

## २.३ अध्ययनको उपादेयता


क) आगामी अनुसन्धानको लागि मार्गदर्शन प्रदान गर्नेछ ।

ख) प्रधानाध्यापकहरुलाई पाठ्यक्रम कार्यान्वयन सम्बन्धि आफ्नो भूमिका अझ स्पष्ट पार्न सहयोग पुऱ्याउने छ ।

ग) निति निमार्ता, योजनाकार आदिलाई सहयोग पुऱ्याउने ।

## २.४ अवधारणात्मक ढाँचा

विद्यालय तहको पाठ्यक्रम कार्यान्वयनमा प्रधानाध्यापकको भूमिका बारे अध्ययन गर्ने क्रममा विभिन्न भूमिकाहरुको बारेमा अध्ययन गर्न खोजिएको छ । जसको लागि प्रधानाध्यापकको व्यवस्थापकीय भूमिका, शैक्षिक भूमिका, निरीक्षण गर्ने भूमिका, विकासात्मक भूमिका आदिको बारेमा अध्ययन गर्न आवश्यक हुन्छ । यस परिप्रेक्ष्यमा अध्ययनको अवधारणात्मक ढाँचा यस प्रकार रहेको छ :




यस प्रकारको अवधारणात्मक ढाँचाले यस अध्ययनको उद्देश्य पुरा हुने देखिन्छ ।

# परिच्छेद तीन

# अध्ययन विधि

यस अध्ययनका लागि अध्ययनकर्ता आफै नमूना छनौटमा परेका विद्यालयहरुमा पुगी शिक्षक, प्रधानाध्यापक, विद्यार्थी अभिभावक, श्रोतव्यक्तिहरु सँगको अन्तरक्रिया र विद्यालयमा रहेका विभिन्न साधनहरु अभिलेख अध्ययन प्रत्यक्ष अवलोकन, असंरक्षित अर्न्तवार्ता, लक्षित समूह छलफल, प्रश्नावली आदि प्रयोग गरी सम्भव भए सम्म सत्य तथ्य सूचना तथा तथ्याङ्कहरु संकलन गरिएको  थियो ।

## ३.१ अनुसन्धानको ढाँचा

यस अध्ययनको उद्देश्य प्राप्त गर्नको लागि गुणात्मक अनुसन्धान ढाँचाको प्रयोग गरिएको थियो जुन यस प्रकार छ ।

तालिका नं. ३.१

**अध्ययन कार्यनीति**

| क.सं. | उद्देश्यहरु | साधनहरु | प्रतिक्रियादाताहरु | | | |
|---|---|---|---|---|---|---|
| | | | प्र.अ. | शिक्षक | विद्यार्थी | स्रोतव्यक्ति |
| १. | पाठ्यक्रम कार्यान्वयनमा प्र.अ. को भूमिकाको अध्ययन । | प्रश्नावली | √ | √ | | √ |
| | | अन्तरवार्ता | | | √ | |
| | | अवलोकन | | | | |
| | | अभिलेख अध्ययन | | | | |
| | | लक्षित समूह छलफल | √ | | | |
| २. | विद्यालयतहको पाठ्यक्रम कार्यान्वयन गर्दा प्र.अ. ले सामना गरेको समस्याहरुको पहिचान । | प्रश्नावली | √ | √ | | √ |
| | | अन्तरवार्ता | | | | |
| | | अवलोकन | | | | |
| | | अभिलेख अध्ययन | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | विद्यालय तहको पाठ्यक्रम कार्यान्वियन गर्दा प्र.अ. ले सामना गरेको समस्याहरुका समाधानकालागि अपनाएको उपायहरुको पहिचान । | प्रश्नावली<br>अन्तरवार्ता<br>अवलोकन<br>अभिलेख अध्ययन | √ | √ | | √ |

विद्यालय तहको पाठ्यक्रम कार्यान्वयनमा प्रधानाध्यापकको के कस्तो भूमिका रहन्छ भनी अध्ययन गर्न खोजिएको यस अनुसन्धानमा वस्तु, प्रकृया, समस्या तथा घटनालाई प्राकृतिक अवस्था वा यथास्थितिमा नै अध्ययन गरी प्राप्त परीणाम लाई गुणात्मक तथा परिणात्मक विधिद्वारा व्याख्या विश्लेषण गरी निष्कर्ष निकालिएको थियो ।

## ३.२ जनसंख्या तथा नमुना छनौट

स्रोत कार्य सम्पन्न गर्नको लागि विभिन्न स्थान र क्षेत्रमा गएर नमुनाको खोजि गर्न आवश्यक हुन्छ । किनकी शोध कार्यमा नयाँ नयाँ तथ्यको आवश्यकता पर्छ । नयाँ तथ्य र गुण प्राप्त गर्नको लागि अध्ययन विधि पनि भरपर्दो हुनुपर्दछ । तर सबै ठाँउमा गएर सबै कुराको अध्ययन गर्न समय स्रोत साधन र आर्थिक अवस्थाले नभ्याउने हुँदा यस शोध कार्य गर्नको लागि सुविधाजनक नमुना छनोटको आधार मानि निम्नानुसार नमुना छनोट गरिएको थियो ।

### ३.२.१ जनसंख्या

यस अध्ययनको लागि जनसंख्याको रुपमा भोजपुर जिल्ला अर्न्तगतका सामुदायिक बिद्यालयहरुका माध्यमिक विद्यालयहरुका प्रधानाध्यापक, विद्यार्थीहरु, शिक्षकहरु र स्रोतव्यक्तिहरुलाई जनसंख्याको रुपमा लिइएको थियो ।

### ३.२.२ जिल्ला छनोट

यस अध्ययनको लागि आफु भोजपुर जिल्ला निवासी भएकोले सुविधामूलक नमुना छनोट विधिबाट भोजपुर जिल्लालाई छनोट  गरिएको थियो ।

### ३.२.३ बिद्यालयहरुको छनोट

यस शोध कार्य पूरा गर्नको लागि भोजपुर जिल्ला अर्न्तगतका सामुदायिक माध्यमिक तहका विद्यालयहरुलाई सम्भावना युक्त नमुना छनोट विधिबाट छनोट  गरिएको थियो ।

### ३.२.३ प्रधानाध्यापकको छनोट

यस शोध कार्य पूरा गर्नको लागि भोजपुर जिल्ला अर्न्तगतका सामुदायिक विद्यालयहरुका माध्यमिक तहका प्रधानाध्यपकहरुलाई उद्देश्यमूलक नमुना छनोट विधिबाट छनोट  गरिएको थियो ।

### ३.२.४ शिक्षकहरुको छनोट

यस शोध कार्य पूरा गर्नको लागि भोजपुर जिल्ला अर्न्तगतका छनोटमा परेका सामुदायिक विद्यालयहरुका १०जना शिक्षकहरुलाई उद्देश्यमूलक नमुना छनोट विधिबाट छनोट गरिएको थियो ।

### ३.२.५ बिद्यार्थीहरुको छनोट

यस शोध कार्य पूरा गर्नको लागि भोजपुर जिल्ला अर्न्तगतका छनोटमा परेका सामुदायिक विद्यालयहरुका २० जना विद्यार्थीहरुलाई सम्भावनायुक्त नमुना छनोट विधिबाट छनोट  गरिएको थियो ।

### ३.२.६ स्रोत व्यक्तिहरुको छनोट

यस शोध कार्य पूरा गर्नको लागि भोजपुर जिल्ला अर्न्तगतका छनोटमा परेका सामुदायिक विद्यालयहरुका ५ जना स्रोत व्यक्तिहरुलाई उद्देश्यमूलक नमुना छनोट विधिबाट छनोट  गरिएको थियो ।

### ३.३ तथ्याङ्क संकलनका स्रोतहरु

यस अध्ययनमा तथ्याङ्कका निम्न स्रोतहरु अध्ययन गरी निष्कर्ष निकालिएको थियो

### ३.३.१ प्राथमिक स्रोत

अध्ययनकर्ता सम्बन्धित क्षेत्रमा आफै गई संकलन गरिने तथ्याङ्कलाई प्राथमिक तथ्याङ्क भनिन्छ । यस अध्ययनमा अध्ययनकर्ता स्वयं सम्बन्धित क्षेत्रमा गई छनोटमा परेका सामुदायिक विद्यालयहरुलाई अवलोकन फारम, प्रश्नावली, अर्न्तर्वाता र छलफल गरी प्राथमिक तथ्याङ्क संकलन  गरिएको थियो ।

### ३.३.२ द्धितीय स्रोत

विभिन्न समयमा प्रकाशित पुस्तक पत्रपत्रिका अप्रकाशित शोध पत्र र कार्यालयका अभिलेखलाई तथ्याङ्कको द्धितीय स्रोत भनिन्छ यस अध्ययनमा बिद्यालयमा उपलब्ध अभिलेख तथ्याङ्क बिद्यालयले निर्माण गरेको कार्ययोजना सामुदायिक विद्यालयको निर्णय पुस्तिका आदि बाट तथ्याङ्क संकलन गरिएको थियो ।

### ३.४ साधनको निर्माण

यस अध्ययनको लागि आवश्यक सूचनाहरु संकलन गर्नको लागि निम्न लिखित साधनहरु निर्माण र प्रयोग गरिएको थियो ।

### ३.४.१दस्तावेज अध्ययन

कुनै व्यक्ति वा संस्थासंग घटेको घटना र त्यसलाई समाधान गरेका उपायहरुलाई सिलसिलेवार रुपमा मिलाएर राखिएको कागजातलाई दस्तावेज भनिन्छ । यसको अध्ययनबाट बिभिन्न जानकारीहरु प्राप्त गर्न सकिन्छ । प्रस्तुत अध्ययनमा बिभिन्न पत्रपत्रिकाको लेख, सामुदायिक विद्यालयहरुको अभिलेख, बार्षिक कार्य पात्रो, कार्य योजनाहरुको अध्ययन गरिएको थियो ।

### ३.४.२ प्रत्यक्ष अवलोकन

कुनै व्यक्ति वा संस्था वा घटनालाई नजिकबाट सहभागि भएर गहिरिएर हेर्नुलाई प्रत्यक्ष अवलोकन भनिन्छ । यस अध्ययनमा अध्ययनकर्ता स्वयं सम्बन्धित क्षेत्रमा गई छनोटमा परेका सामुदायिक विद्यालयहरुमा अवलोकन फारम भरिएको थियो । जसको लागि अनुसूचि ४ प्रयोग गरिएको थियो ।

### ३.४.३ असंरचित अर्न्तवार्ता

जुन अर्न्तवार्तामा पहिलानै सबै प्रश्नहरु निर्माण गरिंदैन, मोटामोटी प्रश्नहरु मात्र निर्माण गरीन्छ र अर्न्तवार्ताकै समयमा उद्देश्य अनुरुपका प्रश्नहरु तत्काल निर्माण गरी अर्न्तवार्ता लिइन्छ । त्यस्तो अर्न्तवार्तालाई असंरचित अर्न्तवार्ता भनिन्छ । यस अध्ययनको लागि छनोटमा परेका सामुदायिक विद्यालयहरुका विद्यार्थीहरुबाट असंरचित अर्न्तवार्ताको माध्यमबाट आवश्यक सूचनाहरु संकलन गरिएको थियो । जसको लागि अनुसूचि ६ र ७ प्रयोग गरिएको थियो ।

### ३.४.४ लक्षित समुह छलफल

सरोकारवालाहरु मध्येबाट छानिएका व्यक्तिहरुको समुहमा कुनै खास उद्देश्य पूरा गर्नको लागि गरिने छलफललाई लक्षित समुह छलफल भनिन्छ । यस अध्ययनमा सामुदायिक बिद्यालयहरुका प्रधानाध्यापकहरु बीच लक्षित समुह छलफल सञ्चालन गरिएको थियो । जसको लागि अनुसुचि ५ प्रयोग गरिएको थियो ।

### ३.४.५ प्रश्नावली

तथ्याङ्क संकलन विभिन्न साधनहरुमध्ये प्रश्नावली पनि एक प्रमुख साधन हो यस अध्ययनको लागि छनोटमा परेका सामुदायिक विद्यालयका प्रधानाध्यापक शिक्षकहरुलाई खुला र बन्द प्रश्नावली प्रयोग गरेर प्रश्नावली सोधिएको थियो । जसको लागि अनुसुचि १, २ र ३ प्रयोग गरिएको थियो ।

## ३.५ साधनको बैधता निर्धारण

गुणात्मक सूचना संकलनका साधनहरुको अनिवार्य रुपमा बैधता हुनु पर्दछ । गुणात्मक सूचना संकलनमा विषयगत साधनको प्रयोग गरिन्छ त्यस्ता साधनहरुबाट विश्वसनीयता र बैधता प्राप्त गर्नको लागि साधनहरु प्रमाणीकरण हुनुपर्दछ । यस शोध पत्रमा प्राप्त तथ्याङ्कहरुलाई डाटा ट्रेङ्गुलेशनगरी गुणात्मक तथा परिमाणात्मक विधिहरु समेत अपनाई साधनको बैधता निर्धारण गरिएको थियो । त्यस्ता तथ्याङकहरुलाई शोध निर्देशक संग देखाई आवश्यक परीमार्जन गरी निर्देशन अनुसार पुनः निर्माण गरी अन्तिम रुप दिई बैधता कायम गरिएको थियो ।

## ३.६ तथ्याङक संकलन प्रक्रिया

बिद्यालय तहको पाठ्यक्रम कार्यान्वयनमा प्राधानाध्यापकको भूमिका नामको शोध पत्र तयार पार्नको लागि नमुना छनोटमा परेका सामुदायिक विद्यालयहरुमा गई अर्न्तर्वाता छलफलको माध्यमबाट विद्यार्थीहरुको राय सुझाव संकलन गरिएको थियो । साथै अवलोकनको माध्यमबाट बिद्यालयमा भएका निर्णय पुस्तिका, कार्य योजना, भौतिक व्यवस्था साथै अन्य विवरणहरुको तथ्य संकलन गरिएको थियो । जसको लागि निर्धारित साधनहरुको प्रयोग गरी अध्ययनकर्ता स्वयंम उपस्थित भएर सत्य तथ्य रुपमा व्यवस्थित ढंगले सुचना संकलन गरिएको थियो ।

## परिच्छेद चार
## तथ्याङ्कको विश्लेषण तथा व्याख्या

### ४ तथ्याङ्कको विश्लेषण तथा व्याख्या

प्रधानाध्यापक र पाठ्यक्रम कार्यान्वयन बीच गहिरो सम्बन्ध रहन्छ । त्यसैले प्रभावकारी पाठ्यक्रम कार्यान्वयन गर्न प्र.अ. को दायित्व महत्वपूर्ण हुन्छ । विद्यालय भित्र गरिने सम्पूर्ण क्रियाकलापलाई पाठ्यक्रमले समेटेको हुन्छ । त्यसैले प्रभावकारी पाठयक्रम कार्यान्वयन गर्न, शिक्षक निर्देशिका प्रयोग गर्नको लागि प्र.अ.को भूमिका महत्वपूर्ण हुन्छ । पाठ्यक्रम, पाठ्यपुस्तक, निर्देशिका, पठनपाठन क्रियाकलाप बीच अन्योन्याश्रित सम्बन्ध हुन्छ । त्यसैले पठनपाठन क्रियाकलापलाई प्रभावकारी बनाउन प्र.अ.को दायित्व महत्वपूर्ण हुन्छ । यहि दायित्वको शिलशिलामा प्रधानाध्यापकले आफ्नो भूमिका निर्वाह गर्न सक्छन् । त्यसका लागि पाठ्यक्रम अभिमुखीकरण, कार्यान्वयन, सामग्री निर्माण, जस्ता पक्षहरुमा ध्यान दिनु पर्दछ । पाठ्यक्रममा निर्दिष्ट राष्ट्रिय उद्धेश्य, तहगत उद्देश्य र कक्षागत उद्देश्यका आधारमा तथार भएका विषयवस्तु तथा तिनका आधारमा तयार भएका पाठ्यपुस्तक लाई आधार मानी पठनपाठन गर्न सघाउनु प्र.अ.को प्रमुख दायित्व हो ।

### ४.१ प्रधानाध्यापकहरुको  भूमिकाहरुको व्याख्या तथा विश्लेषण

यस अध्ययनको लागि भोजपुर जिल्लाका कक्षा एक देखि दश सम्म चलेका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुलाई प्रश्नावली, अर्न्तवार्ता, अवलोकनको माध्यमद्धारा सूचना संकलन गरिएको थियो । पाठ्यक्रम कार्यान्वयन सम्बन्धी प्रधानाध्यापकको विभिन्न भूमिकाहरु मध्ये निम्नानुसार वर्गीकरण गरी विश्लेषण गरिएको छ

### ४.१.१ प्रधानाध्यापकहरुको व्यवस्थापकीय भूमिका

छनौटमा परेका सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुले पाठ्यक्रम कार्यान्वयन सम्बन्धी के कस्तो व्यवस्थापकीय भूमिका निर्वाह गरिरहेका छन् भनेर निम्नानुसार प्रश्नावली सोधिएको थियो । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४.१

**प्रधानाध्यापकहरुको व्यवस्थापकीय भूमिका**

| क.सं. | कथन | प्रतिक्रियाको वर्गीकरण | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १. | तपाइको विद्यालयमा पाठ्यक्रमको पर्याप्तता कस्तो छ ? | क) पर्याप्तता<br>ख) अपुग<br>ग) नभएको | ५<br>३<br>२ | ५०%<br>३०%<br>२०% |
| २. | पाठ्यक्रम, पाठ्यसामाग्री शिक्षक निर्देशिका तथा सन्दर्भ सामाग्रीहरु कहाँबाट उपलब्ध हुन्छ ? | क) श्रोतकेन्द्र<br>ख) जि.शि.का.<br>ग) खरिद गरेर | ५<br><br>५ | ५०%<br><br>५०% |
| ३. | तपाईको विद्यालयमा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्नु हुन्छ | क) कहिलेकाही<br>ख) छैन<br>ग) सधै गर्ने गरेको | ४<br><br>४ | ६०%<br><br>४०% |
| ४. | शैक्षिक सामाग्रीहरुको व्यवस्था सामाग्रीहरुको व्यवस्था कसरी गर्नुहुन्छ ? | क) खरिद गरेर<br>ख) शिक्षकले निर्माण गर्नुहुन्छ ।<br>ग) खरिद/निर्माण गरेर | २<br>२<br>६ | २०%<br>२०%<br>६०% |
| ५. | तपाईको विद्यालयमा कस्तो शिक्षण व्यवस्था लागु गर्नु भएको छ ? | क) कक्षा शिक्षण<br>ख) बहुकक्षा शिक्षण<br>ग) विषय शिक्षण | <br><br>१० | <br><br>१००% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका अनुसार विद्यालयमा पाठ्यक्रमको पर्याप्तता सम्बन्धी प्रश्नावलीको जवाफमा ५ जना वा ५० प्रतिशतले पर्याप्त रहेको ३ जना वा ३० प्रतिशतले केही मात्रामा भएको तर अपुग भएको र २ जनाले वा २० प्रतिशतले नभएको प्रतिक्रिया दिएको पाइयो । पाठ्यक्रम, पाठ्यसामाग्रीहरु कहाँबाट उपलब्ध हुन्छ ? भन्ने प्रश्नावलीको प्रतिक्रियामा ५ जना वा ५० प्रतिशतले स्रोत केन्द्रबाट र ५ जनाले वा ५० प्रतिशतले खरीद गरेर उपलब्ध हुन्छ भन्ने उत्तर पाइयो । तपाइको विद्यालयमा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्नुहुन्छ ? भन्ने प्रश्नावलीमा ६ जना वा ६० प्रतिशतले कहिलेकाही र ४ जना

वा ४० प्रतिशतले सधै गर्ने गरेको प्रतिक्रिया पाइयो । शैक्षिक सामाग्रीको व्यवस्था कसरी गर्नुहुन्छ ? भन्ने प्रश्नावलीमा २ जना वा २० प्रतिशतले प्रधानाध्यापकले खरीद गरेर २ जना वा २० प्रतिशतले शिक्षकले निर्माण गर्नुहुन्छ र ६ जना वा ६० प्रतिशत ले खरिद तथा निर्माण गरेर गर्ने गरेको प्रतिक्रिया दिएको पाइयो  तपाइको विद्यालयमा कस्तो शिक्षण व्यवस्था लागु गर्नु भएको छ  भन्ने प्रश्नावलीमा विषय शिक्षण, व्यवस्था लागु गर्ने १०० प्रतिशत पाइयो  ।

यसरी प्रधानाध्यापकको व्यवस्थापकीय भूमिका अर्न्तगत प्रधानाध्यापकहरुले विद्यालयमा पाठ्यक्रम, शिक्षक निर्देशिकाहरु तथा सन्दर्भ सामाग्रीहरु, अतिरिक्त क्रियाकलापले, कक्षा शिक्षणको व्यवस्थामा महत्वपूर्ण भूमिका खेलेको पाइयो । तर पनि पाठयकम, शिक्षक निर्देशिका, तथा सन्दर्भ सामाग्रीको पर्याप्ततामा ध्यान दिनु पर्ने देखिन्छ । विद्यालयमा खरिद गरेर, फोटोकपी गरेर भए पनि सामाग्रीहरु उपलब्ध गर्नु पर्ने हुन्छ । अतिरिक्त क्रियाकलापहरुलाई नियमित तथा ब्यवस्थीत रुपमा संचालन गर्नु पर्ने हुन्छ । यस्ता कियाकलापहरुले बिद्यार्थीहरुको सम्पूर्ण पक्षहरुको बिकास गर्ने भएकोले यसलाई विद्यालयमा संचालन गर्नु पर्दछ । सबै विद्यालय हरुमा बिषय शिक्षण ब्यबस्था लागु गरे पनि प्राथमिक तहमा यस्तो ब्यबस्था प्रभाबकारी मानिदैन । विद्यालयको ब्यबस्थापन पक्ष नै कमजोर भयो भने पाठ्यकम कार्यान्वयन लाई प्रभाव पार्दछ । त्यसैले प्रधानाध्यापकले बिशेष रुपमा चासो देखाएर, पाठ्यकमको पर्याप्ततामा बृदि गर्नु पर्ने हुन्छ । यदि विद्यालयमा पाठ्यकमको सहि मात्रामा उपलव्ध छैन भनेत्यसको असर शिक्षणमा पर्ने हुन्छ । त्यसैले प्रधानाध्यापकले यस्ता बिषयमा ध्यान पुर्‍याउनु पर्ने हुन्छ । कोईराला (२०६३) का अनुसार पुस्तकालय, विज्ञान, प्रयोगशला, खेलकुद, आदिमा  प्रधानाध्यापकले ध्यान दिनु पर्ने जोड दिएकी छिन् । त्यस्तै खड्का (२०६९) का अनुसार प्रधानाध्यापकले भौतिक ब्यबस्थापन, शैक्षिक ब्यबस्थापन, आर्थिक ब्यबस्थापनमा ध्यान दिनु पर्छ भनेका छन् । त्यसैले प्रधानाध्यापकले ब्यवस्थापनमा बिशेष रुपमा ध्यान दिनु पर्ने हुन्छ ।

### ४.१.२ प्रधानाध्यापकहरुको अनुगमन गर्ने भूमिका

प्रधानाध्यापकले पाठ्यक्रम कार्यान्वयन सम्बन्धी कक्षा कोठा, विद्यालयमा निरीक्षण तथा अनुगमन गर्ने भूमिका यस अर्न्तगत पर्दछ । यस अर्न्तगत निम्नानुसार प्रश्नावली तयार गरि सोधिएको थियो । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

तालिका नं. ४.१.२

**प्रधानाध्यापकहरुको अनुगमन गर्ने भूमिका**

| क.सं. | कथन | प्रतिक्रियाको वर्गीकरण | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १. | पाठ्यक्रम कार्यान्वयनमा के कस्तो भई राखेको छ भनेर कक्षा अवलोकन गर्नुहुन्छ ? | क) छ<br>ख) कहिलेकाही<br>ग) गर्ने गरेको छैन | २<br>५<br>३ | २०%<br>५०%<br>३०% |
| २. | भौतिक अवस्थाको बारेमा निरीक्षण गर्नु भएको छ ? | क) छ<br>ख) कहिलेकाही<br>ग) गर्ने गरेको छैन | ५<br>५ | ५०%<br>५०% |
| ३. | पाठ्यक्रम अनुसारका सामाग्रीहरुको प्रयोग भएको छ कि छैन भनेर अनुगमन गर्नुभएको छ ? | क) छ<br>ख) छैन<br>ग) कहिलेकाही | ६<br>२<br>२ | ६०%<br>२०%<br>२०% |
| ४. | पाठ्यक्रमको उद्देश्य अनुरुप शिक्षण भएको छ कि छैन भनेर अनुगमन गर्नु भएको छ ? | क) छ<br>ख) छैन<br>ग) कहिलेकाही | २<br>५<br>३ | २०%<br>५०%<br>३०% |
| ५. | पाठ्यक्रम पर्याप्तता सम्बन्धी अनुगमन गर्ने गर्नुभएको छ ? | क) छ<br>ख) छैन<br>ग) कहिलेकाही | ७<br>२<br>१ | ७०%<br>२०%<br>१०% |
| ६. | पाठ्यक्रम सम्बन्धी निरीक्षण गर्दा पाठ्यक्रम कार्यान्वयन कस्तो भई राखेको पाउनु भएको छ ? | क) राम्रो<br>ख) सन्तोषजनक<br>ग) छैन | ५<br>५ | ५०%<br>५०% |

स्रोत : स्थलगत सर्वेक्षण, २०७०

माथिको तालिका अनुसार पाठ्यक्रम कार्यान्वयन के कस्तो भई राखेको छ भनेर कक्षा अवलोकन गर्ने प्रधानाध्यापकहरुको संख्यामा गर्ने गरेको छ प्रतिक्रिया दिने प्रधानाध्यापकहरुमा २ जना वा २० प्रतिशत पाइयो । आफ्नो विद्यालयको भौतिक अवस्थाको बारेमा निरीक्षण गर्ने प्रधानाध्यापकहरु ५ जना वा ५० प्रतिशत पाइयो भने कहिलेकाही मात्र गर्ने प्रधानाध्यापकहरु ५ जना वा ५० प्रतिशत पाइयो । पाठ्यक्रम अनुसार शिक्षण सागाग्रीहरु प्रयोग भएको छ कि छैन भनेर अनुगमन गर्ने प्रधानाध्यापकहरुमा छ भन्ने

प्रतिक्रिया दिने प्रधानाध्यापकहरु ६ जना वा ६० प्रतिशत पाइयो ।कहिलेकाही गर्नेमा प्रतिक्रिया दिने प्रधानाध्यापकहरु २ जन वा २० प्रतिशत पाइयो । पाठ्यक्रमको उद्देश्य अनुरुप शिक्षण भएको छ कि छैन भन्ने प्रश्नावलीको प्रतिक्रियामा छ भन्ने प्रतिक्रिया दिने प्रधानाध्यापकहरु २ जना वा २० प्रतिशत छैन भन्ने ५ जना वा ५० प्रतिशत र कहिलेकाही प्रतिक्रिया दिने प्रधानाध्यापकहरुमा ३ जना वा ३० प्रतिशत पाइयो । विद्यालयमा पाठ्यक्रको पर्याप्तता, शिक्षण सामाग्रीहरुको पर्याप्तता बारेमा अनुगमन गर्ने प्रधानाध्यापकहरु मध्ये छ प्रतिक्रिया दिने प्रधानाध्यापकहरुमा ७ जना वा ७० प्रतिशत छैन प्रतिक्रिया दिने प्रधानाध्यापकहरुमा २ जना वा २० प्रतिशत र कहिलेकाही भन्ने प्रतिक्रिया दिने प्रधानाध्यापकहरुमा १ जना वा १० प्रतिशत पाइयो । पाठ्यक्रम सम्बन्धी निरीक्षण गर्दा कस्तो पाउनु भएको छ भन्ने प्रश्नावलीमा राम्रो प्रतिक्रिया दिने प्रधानाध्यापक ५ जना वा ५० प्रतिशत  पाइयो । सन्तोषजनक उत्तर दिने ५ जना वा ५० प्रतिशत पाइयो ।

प्रधानाध्यापकहरुले पाठ्यक्रमको प्रभाबकारी कार्यान्वयन बारेमा अवलोकन, निरीक्षण, समान्य रुपमा गरे पनि प्रभावकारी ढंगबाट गरेको पाईएन । विद्यालयका प्रधानाध्यपकहरुले अन्य व्यबस्थापन कार्यमा ध्यान दिदा समयले नभ्याएको निष्कर्ष खड्का, (२०६९) ले दिनु भएको भए ता पनि विद्यालयमा प्रभावकारी रुपबाट अनुगमन निरीक्षण गर्नु पर्ने समय मिलाउनु पर्ने हुन्छ । यदि निरीक्षण पक्ष कमजोर भए, पाठ्यक्रम सहि रुपमा कार्यान्वयन भएको थाहा पाउन सकिदैन । प्रधानाध्यापकहरुले आफ्ना शिक्षकहरुको कार्यको निरन्तर रुपमा अनुगमन, मूल्याङ्कन, तथा निरीक्षण गर्नु पर्ने देखिन्छ । राम्रो काम गर्नेलाई पुरुस्कार र नराम्रो काम गर्ने लाई दण्ड, सजायको ब्यबस्था गरीनु पर्छ भन्ने निष्कर्ष बरुवाल (२०५६) ले निकाल्नु भएको छ । यसलाई प्रभाबकारी ढंगबाट लागु गर्न सक्यो भने पनि पाठ्यक्रम कार्यान्वयन केहि हद सम्म राम्ररी कार्यान्वयन गर्न सकिन्छ ।

### ४.१.३. प्रधानाध्यापकहरुको शैक्षिक भूमिका

प्रधानाध्यापकको विभिन्न भूमिका बारेमा अध्ययन गर्दा पाठ्यक्रम कार्यान्वयन सम्बन्धी शैक्षिक भूमिका महत्वपूर्ण हुन्छ । प्रधानाध्यापकले नमूना कक्षा शिक्षण, विभिन्न योजना निर्माण पाठ्यक्रम सम्बन्धी छलफल, अन्तरक्रिया, शैक्षिक सामाग्रीको निर्माणमा सहयोग जस्ता भूमिका निर्वाह गर्नु पर्ने हुन्छ । जसको लागि निम्नानुसार प्रश्नावली सोधिएको थियो ।

तालिका नं. ४.३

**प्रधानाध्यापकहरुको शैक्षिक भूमिका**

| क.सं. | कथन | प्रतिक्रियाको वर्गीकरण | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १. | तपाईले कक्षा कोठामा नमूना शिक्षण गर्नु भएको छ ? | क) छ<br>ख) छैन<br>ग) कहिलेकाही | ६<br>१<br>३ | ६०%<br>१०%<br>३०% |
| २. | गर्नु भएको छ भने शिक्षकहरुले पनि तपाईले जस्तै शिक्षण गरेको पाउनु भएको छ ? | क) छ<br>ख) छैन<br>ग) सन्तोषजनक | ६<br>१<br>३ | ६०%<br>१०%<br>३०% |
| ३. | तपाईले विद्यालयमा विभिन्न योजनाहरु निर्माण गर्नु भएको छ ? | क) छ<br>ख) छैन<br>ग) कहिलेकाही | ९<br><br>१ | ९०%<br><br>१०% |
| ४. | योजना निर्माण गर्दा कस कस लाई सहभागी गराउनु हुन्छ ? | क) शिक्षक<br>ख) विद्यार्थी<br>ग) वि.व्य.स.<br>घ) माथिका सबै | <br><br><br>१० | <br><br><br>१००% |
| ५. | तपाईले विद्यालयमा शिक्षक स्टाफ, अभिभावक सँग पाठ्यक्रम सम्बन्धी छलफल गर्नु भएको छ ? | क) छ<br>ख) छैन<br>ग) कहिलेकाही | ६<br>१<br>३ | ६०%<br>१०%<br>३०% |
| ६. | विद्यालयमा नेपाल सरकारको स्वीकृत पाठ्यपुस्तक लागु गर्नु भएको छ ? | क) छ<br>ख) छैन | १० | १००% |
| ७. | तपाईको विद्यालयमा स्थानीय विषयमा कुन विषय राख्नु भएको छ ? | क) ..............................<br>ख) ..............................<br>ग) ............................... | | |

स्रोत : स्थलगत सर्वेक्षण २०७०

माथिको तालिका अनुसार कक्षाकोठामा नमूना कक्षा शिक्षण गर्ने प्रधानाध्यापकहरुमा छ भन्ने प्रतिक्रिया दिने प्रधानाध्यापकहरु ६ वा ६० प्रतिशत पाइयो छैन भन्ने प्रतिक्रिया दिने प्रधानाध्यापकको संख्या १ जना वा १० प्रतिशत पाइयो कहिलेकाही भन्ने भन्ने प्रतिक्रिया दिने प्रधानाध्यापकको संख्या ३ जना वा ३० प्रतिशत पाइयो । तपाईको शिक्षकहरुले पनि तपाइकै जस्तै शिक्षण गर्छन ? भन्ने प्रश्नको प्रश्नावलीमा छ भन्ने प्रतिक्रिया दिने प्रधानाध्यापकहरु ६ जना वा ६० प्रतिशत छैन भन्ने प्रतिक्रिया दिने प्रधानाध्यापक १ जना वा १० प्रतिशत र कहिलेकाही भन्ने प्रतिक्रिया दिने प्रधानध्यापकहरु ३ जना वा ३० प्रतिशत पाइयो तपाइले विद्यालयमा विभिन्न योजनाहरु निर्माण गर्नु भएको छ भन्ने प्रश्नावलीको प्रतिक्रियामा छ भन्ने प्रतिक्रिया दिने प्रधानाध्यपकहरु ९ जना वा ९० प्रतिशत कहिलेकाँही भन्ने प्रतिक्रिया दिने प्रधानाध्यापक मा १जना वा १० प्रतिशत पाइयो । योजना निर्माण गर्दा शिक्षण विद्यार्थी वि.व्य.स.लाई सहभागी गराउने प्रधानाध्यापकहरुमा १० जना वा १०० प्रतिशत पाइयो । विद्यालयमा शिक्षक स्टाफ, अभिभावकसंग पाठ्यक्रम सम्बन्धि छलफल गर्ने, अन्तरक्रिया गर्ने गरेको छ । भन्ने प्रतिक्रिया दिने प्रधानाध्यापकहरुमा ६ जना ६० प्रतिशत पाइयो छैन, भन्ने प्रतिक्रिया दिने प्रधानाध्यापकमा १ जना वा १० प्रतिशत पाइयो र कहिलेकाही, भन्ने प्रतिक्रिया दिने प्रधानाध्यापकहरु ३ जना वा ३० प्रतिशत पाइयो । विद्यालयमा नेपाल सरकारको स्वीकृत पाठ्यपुस्तक लागु गर्नु भएको छ ? भन्ने प्रश्नावलीमा छ, भन्ने प्रतिक्रिया ब्यक्त गर्ने प्रधानाध्यापकहरुको संख्या १०० प्रतिशत पाइयो । विद्यालयमा स्थानीय विषयमा कुन विषय राख्नु भएको छ ?भन्ने प्रश्नावलीमा ८ जना वा ८० प्रतिशतले अंग्रेजी र २ जनाले राई र नेवारी भन्ने प्रतिक्रिया पाइयो ।

यसरी प्रधानाध्यापकको शैक्षिक भूमिका अन्तरगत पाठ्यक्रम कार्यान्वयन सम्बन्धी महत्वपूर्ण भुमिका निर्वाह गरेको पाइयो । कक्षा कोठामा नमूना शिक्षण गरेको बार्षिक कार्यतालिका, कार्ययोजना, विद्यालय सुधार योजना निर्माण गर्ने गरेको, योजना निर्माण गर्दा शिक्षक,विद्यार्थी, अभिभावक सँग छलफल गर्ने गरेको पाइयो । विद्यालयमा स्वीकृत पाठ्यपुस्तक लागु गरेको भएपनि धेरै विद्यालयहरुमा अंग्रेजी विषयलाई स्थानीय विषयको रुपमा लागु गरेको पाइयो । प्रधानाध्यापकहरुका बिभिन्न भुमिकाहरु हुन्छन् । ति मध्ये शैक्षिक भुमिका पनि एउटा हो । नेपाल सरकार बाट स्वीकृत पाठ्यकम लागु गरे पनि स्थानीय विषयमा पाठ्यकम अनुसारका विषय वस्तु समाबेस गर्नुपर्ने देखिन्छ ।

### ४.१.४ प्रधानाध्यापकको विकासात्मक भूमिका

प्रधानाध्यापकले पाठ्यक्रम कार्यान्वयन गर्दा विभिन्न खाले विकासात्मक भूमिका निर्वाह गर्नु पर्ने हुन्छ । शिक्षकहरुलाई तालिम, शिक्षण सामाग्री निर्माण विभिन्न योजनाहरुको कार्यान्वयनमा प्रधानाध्यापक आफुले पनि तालिम लिनु अतिरिक्त क्रियाकलापको सञ्चालन, खेल मैदान निर्माण, भौतिक निर्माण जस्ता पक्षहरु विकासात्मक भूमिका अर्न्तगत पर्दछ । यस अर्न्तगत निम्नानुसार प्रश्नावली सोधिएको थियो

तालिका नं. ४.४

**प्रधानाध्यापकको विकासात्मक भूमिका**

| क.सं. | कथन | प्रतिक्रियाको वर्गीकरण | संख्या | प्रतिशत |
|---|---|---|---|---|
| १. | तपाई आफुले पाठ्यक्रम सम्बन्धी तालिम लिनु भएको छ ? | क) छ<br>ख) छैन | १० | १००% |
| २. | शिक्षकहरुलाई पाठ्यक्रम सम्बन्धी तालिममा सहभागी गराउनु हुन्छ ? | क) छ<br>ख) छैन<br>ग) कहिलेकाही | ८<br><br>२ | ८०%<br><br>२०% |
| ३. | शिक्षण सामाग्री निर्माणमा शिक्षकलाई सहयोग गर्नुभएको छ ? | क) छ<br>ख) छैन<br>ग) कहिलेकाही | ६<br><br>४ | ६०%<br><br>४०% |
| ४. | विभिन्न योजनाहरु, दैनिक पाठ योजना, वार्षिक कार्ययोजना आदिको कार्यान्वयन कस्तो पाउनु भएको छ ? | क) उत्तम<br>ख) मध्यम<br>ग) सन्तोषजनक<br>घ) न्यून | <br>२<br>८<br> | <br>२०%<br>८०%<br> |
| ५. | तपाईको विद्यालयमा अतिरिक्त क्रियाकलापको सञ्चालनको अवस्था कस्तो छ ? | क) उत्तम<br>ख) मध्यम<br>ग) सन्तोषजनक<br>घ) न्यून | <br><br>९<br>१ | <br><br>९०%<br>१०% |
| ६. | तपाईको विद्यालयमा भौतिक सामाग्रीहरु खेल मैदान, शौचालय, भवन, कक्षाकोठा आदिको अवस्था कस्तो छ ? | क) उत्तम<br>ख) मध्यम<br>ग) सन्तोषजनक<br>घ) न्यून | <br><br>९<br>१ | <br><br>९०%<br>१०% |
| ७. | शिक्षकलाई कक्षाकोठा शिक्षणमा आएका समस्याहरुमा सहयोग गर्नु भएको छ ? | क) छ<br>ख) छैन<br>ग) कहिलेकाही | ८<br><br>२ | ८०%<br><br>२०% |

स्रोत : अध्ययन सर्वेक्षण, २०७०

माथिको तालिका अनुसार प्रधानाध्यापक आफुले पाठ्यक्रम सम्बन्धी तालिम लिनेहरुमा १०० प्रतिशत प्रधानाध्यापक पाइयो । शिक्षकलाई पाठ्यक्रम सम्बन्धी तालिममा पठाउने प्रधानाध्यापकहरु ८ जना वा ८० प्रतिशत पाइयो ।कहिलेकाही प्रतिक्रिया दिने प्रधानाध्यापकहरु २ जना वा २० प्रतिशत पाइयो । शैक्षिक सामाग्री निर्माणमा सहयोग गर्ने प्रधानाध्यापकहरु ६ जना वा ६० प्रतिशत कहिलेकाही प्रतिक्रिया दिने प्रधानाध्यापकहरु ४ जना वा ४० प्रतिशत पाइयो । वार्षिक कार्ययोजना निर्माण, पाठपोजना निर्माण कार्यतालिका निर्माण र कार्यान्वयन कस्तो पाउनु भयो ? भन्ने प्रश्नावलीको प्रतिक्रियामा सन्तोषजनक भन्ने ८ जना वा ८० प्रतिशत र राम्रो भन्ने २ जना वा २० प्रतिशत पाइयो । अतिरिक्त क्रियाकलापको अवस्था कस्तो छ ? भन्ने प्रश्नावलीको प्रतिक्रियामा सन्तोषजनकमा, ८ जना वा ९० प्रतिशत ले न्यून छ, भन्ने जवाफ दिने १ जना वा १० प्रतिशत पाइयो । विद्यालयमा भौतिक अवस्था कस्तो छ ? भन्ने प्रश्नावलीमा सन्तोषजनक छ,, भन्ने प्रतिक्रिया दिने ९ जना वा ९० प्रतिशत न्यून छ,, भन्ने १ जना वा १० प्रतिशत पाइयो । शिक्षकलाई कक्षा शिक्षणमा परेका समस्याहरु ८० प्रतिशत पाइयो । थोरै वा कहिलेकाही, प्रतिक्रिया दिने २ जना वा २० प्रतिशत पाइयो ।

प्रधानाध्यापकले विकासात्मक भूमिका निर्वाह गरेको पाइयो । आफु लगाएत शिक्षकहरुलाई तालिममा सहभागी हुन पठाएको भए पनि त्यसलाई व्यबहारमा लागु नगरेको देखिन्छ । विद्यालयको शैक्षिक, आर्थिक, भौतिक व्यबस्था गर्न प्रधानाध्यापकले महत्वपूर्ण भुमिका निर्वाह गरेका हुन्छन् भन्ने निष्कर्ष मैनाली (२०५६) को भएता पनि पाठ्यकम कार्यान्वयन जस्तो महत्वपूर्ण भुमिका लाई कहिलै भुल्नु हुदैन । शिक्षकले कक्षाकोठामा परेका अप्ठ्यारालाई समाधान गर्न सहयोग पुऱ्याउनु पर्ने, अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नु पर्ने देखिन्छ । विद्यालयको बिकासको लागि बजेट निर्माण, बजेट परिचालन, कार्यहरुको बाँडफाँड गर्न सके, स्रोत परिचालन गर्न सके र पाठ्यकमलाई सहि रुपमा कार्यान्वयन गर्न सके प्रधानाध्यापकले बिकासात्मक भूमिका निर्वाह पुरा हुने देखिन्छ ।

## ४.२ विद्यालयतहको पाठ्यक्रम कार्यान्वयनमा आइपरेका समस्याहरु

विद्यालयमा पाठ्यक्रम कार्यान्वयन गर्दा विभिन्न बाधा तथा समस्याहरु आइ पर्न सक्छन् । खास गरी विद्यालयमा भौतिक अभाव, शिक्षकहरुको अभाव, शौचालय, खानेपानी जस्तापक्षहरुको अभाव देखियो । विद्यालयमा पाठ्यक्रम कार्यान्वयन गर्दा के कस्तो समस्याहरु आइपरेका छन् भनेर विभिन्न खुल्ला तथा बन्द प्रश्नावली, अर्न्तवार्ताको माध्यमबाट सूचना संकलन गरिएको थियो । प्राप्त सूचनाहरुको आधारमा पाठ्यक्रम कार्यान्वयनमा आइपरेका समस्याहरु यस प्रकार छन् :

### ४.२.१ भवन,कक्षाकोठाको अभाव

विद्यालयहरुमा  अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नको लागि छुट्टै भवनको वाहलको व्यवस्था भएको  विद्यालयहरु यशोधरा उ.मा.वि., सिद्धेश्वर उ.मा.वि. मात्र पाइयो साथै पर्खाल वा कम्पाउण्डको व्यवस्था भएको विद्यालयहरु कमै मात्रामा पाइयो । जसबाट पनि पाठ्यक्रम कार्यान्वयनमा बाधा उत्पन्न भएको पाइयो ।

### ४.२.२ पाठ्यक्रमको पर्याप्तताको अभाव

धेरै विद्यालयहरुमा पाठ्यक्रम पर्याप्त नभएको पाइयो । पाठ्यक्रम कुनै विषयको भएको, कुनै विषयको नभएको पाइयो । शिक्षकहरुले पाठ्यक्रम भन्दा पाठ्यपुस्तकलाई बढि महत्व दिएको पाइयो ।

### ४.२.३ शौचालयको समस्या

४ ओटा विद्यालयहरुमा पर्याप्त मात्रामा शौचालय नभएको पाइयो । भएको पनि जिर्ण प्रयोग नहुने अवस्थाको भेटियो ।

### ४.२.४ शुद्धपिउने पानीको समस्या

३ ओटा विद्यालयहरुमा शुद्धपिउने पानीको अभाव पाइयो । अन्यमा सन्तोषजनक पाइयो ।

### ४.२.५ पर्याप्त शैक्षिक सामाग्रीको अभाव

एउटा विद्यालयमा मल्टिमिडियाको प्रयोग भएको पाइयो । अन्यमा श्रव्य तथा दृश्य सामाग्रीहरु चार्ट, चित्र, क्यासेटहरु भएको तर पर्याप्त नभएको पाइयो । साथै ३ ओटा विद्यालयहरुमा व्यवस्थित रुपमा पुस्तकालय सञ्चालन भएको अन्यमा कमै मात्रामा पुस्तक तथा सन्दर्भ सामाग्रीहरु भएको पाइयो ।

### ४.२.६ खेल तथा मनोरञ्जनात्मक सामाग्रीहरुको अभाव

विद्यार्थीहरु खेल तथामनोरञ्जन गर्न रुचाउँछन् प्राय विद्यालयहरुमा खेल सामाग्रीहरु नगन्य मात्रामा भएको पाइयो ।

### ४.२.७ शिक्षक तथा विद्यार्थीहरु कक्षामा नियमित नहुनु

शिक्षकहरु विभिन्न तालिम, गोष्ठि आदिमा सहभागी हुँदा नियमित रुपमा विद्यालय नआउँदा पनि पाठ्यक्रम कार्यान्वयनमा समस्या उत्पन्न भएको पाइयो । साथै विद्यार्थीहरु पनि घरको काम, पढाइ प्रति कम रुचीको कारणले विद्यालयमा कमै मात्रामा उपस्थित भएको पाइयो ।

**४.२.८ शिक्षकहरुले पाठ्यक्रम भन्दा पाठ्यपुस्तक लाई बढी महत्व दिनु**

अधिकांश विद्यालयहरुमा शिक्षकहरुले पाठ्यक्रम नहेरी पाठ्यपुस्तकमा जे छ ? त्यसैलाई आधार मानेर शिक्षण गरेको पाइयो । यसबाट पनि पाठ्यक्रम कार्यान्वयनमा समस्या उत्पन्न भएको पाइयो ।

**४.२.९तालिमलाई कक्षाकोठामा प्रयोग नगर्नु**

शिक्षकहरुले पाठ्यक्रम सम्बन्धि तालिम लिए पनि त्यसलाई कक्षाकोठामा प्रयोग नगर्नु ले पनि पाठ्यक्रम कार्यान्वपनमा समस्या उत्पन्न भएको पाइयो ।

**४.२.१० अभिभावकहरुमा पाठ्यक्रम प्रति चासो कम हुनु .**

अभिभावकहरुले मेरा केटा केटी कस्तो विषय अध्ययन गर्दछ भनेर चासो नदिएको पाइयो । जसबाट पनि पाठ्यक्रम कार्यान्वयनमा समस्या उत्पन्न भएको पाइयो ।

**४.२.११ विद्यार्थीहरुले सिकाइप्रति कम रुची राख्नु**

विद्यार्थीहरु विद्यालय आए पनि कक्षामा बस्न नचाहानु अथवा सिकाइ प्रति कम रुचीको कारण पनि पाठ्यक्रम कार्यान्वयनमा समस्या उत्पन्न भएको छ ।

**४.२.१२ शिक्षकले कक्षामा पूरै समय नविताउने**

शिक्षकहरुले घन्टि लागे पछि ढिलो कक्षामा जाने र कक्षामा पुरै समय नविताएको पाइयो । जसबाट पनि पाठ्यक्रम कार्यान्वयनमा समस्या उत्पन्न भएको पाइयो ।

**४.२.१३ निरीक्षण अनुगमन मूल्याङ्कन को कमि**

पाठ्यक्रम कसरी कार्यान्वयन भई राखेको भनेर स्रोतव्यक्ति, प्र.अ बाट कमै मात्रामा निरीक्षण अनुगमन र मूल्याङ्कन भएको समस्या । यसले पनि पाठ्यक्रम कार्यान्वयनमा समस्या उत्पन्न भएको पाइयो ।

**४.२.१४ समयमै कोर्ष नसक्नु**

शिक्षकहरुले पाठयक्रम तथा शिक्षक निर्देशिकाको प्रयोग नगर्दा समयमै कोर्ष नसकिने हुन्छ । यसले पनि पाठ्यक्रम कार्यान्वयनमा समस्या उत्पन्न भएको पाइयो ।

**४.२.१५ स्थानीय बिषयको शिक्षकको अभाब**

८ओटा विद्यालयहरुमा स्थानिय विषयको रुपमा अंग्रेजी राखेको पाइयो । अन्य विद्यालयहरुमा मात्र भाषाका विषय हरु राखेको पाईयो । शिक्षकहरुको दरबन्दिको अभाब, बिषय शिक्षकको अभाब तथा पाठ्य सामाग्रीको समस्याले भन्ने प्रतिकिया पाईयो ।

पाठ्यक्रम कार्यान्वयन गर्दा यस्ता धेरै प्रकारका समस्याहरु प्रधानाध्यापकले सामना गरेको पाईयो । यस्ता समस्याहरु केहि शैक्षिक पक्ष संग, केहि आर्थिक, भौतिक, पक्षहरु संग संम्बन्धित भएको पाइयो । मैनाली (२०५६) ले प्रधानाध्यपकले सामना गरेको समस्याहरुको निष्कर्षमा पुस्तकालय, खेलमैदान, शौचालय, खानेपानी, आदीको समस्या देखाए पनि पाठ्यक्रमको पर्याप्तताको अभाव, पाठ्यक्रमको प्रयोगमा बेवास्ता गर्नु, पाठ्यपुस्तकलाई मात्र शिक्षणको आधार मान्नु, शिक्षक दरबन्दि कम हुनु, शिक्षक तथा विद्यार्थीहरु कक्षामा नियमित नहुनु, शिक्षकहरुलाई लामो समय सम्म तालिम तथा काजमा खटाउनु,तालिमलाई कक्षाकोठामा प्रयोग नगर्नु, शिक्षक आफैले पनि बेवास्ता गर्नु, ढिलो कक्षामा प्रवेश गर्नु र चाडै कक्षाबाट बाहिर निस्कनु, निरीक्षण अनुगमन मूल्याङ्कनको कमि, समयमै कोर्ष नसक्नु, स्थानीय बिषयको शिक्षकको अभाब, विद्यार्थीहरुले सिकाइ प्रति कम रुची राख्नु, अभिभावकहरुमा पाठ्यक्रम प्रति चासो कम हुनु, स्थानीय बिषयको शिक्षकको अभाब जस्ता समस्याले पाठ्यक्रम कार्यान्वयनमा समस्या उत्पन्न भएको छन् ।

## ४.३ पाठ्यक्रम कार्यान्वयनमा आइपरेका समस्या समाधनका लागि उपायहरु

विद्यालयतहमा पाठ्यक्रम कार्यान्वयनमा भई नै राखेको छ । तर अति राम्रो ढंग बाट कार्यान्वयन भएको छैन, यसै सन्दर्भमा प्रश्नावली, छलफल, अवलोकन आदि बाट प्राप्त सूचनाको आधारमा विद्यालयतहको पाठ्यक्रम कार्यान्वयनमा आइपरेका समस्या समाधानका उपायहरुलाई बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ।

- विद्यालयमा भौतिक व्यवस्थापन गर्न वि.व्य.स. ले जि.शि.का. तथा अन्य दातृ निकायहरुसँग अनुरोध गर्ने ।
- पाठ्यक्रमको पर्याप्ततामा वृद्धिगर्न खरिद गर्नु पर्ने, फोटोकपी गर्नु पर्ने, वा डाउनलोड गर्नु पर्ने देखिन्छ ।
- शौचालय, शुद्धपिउने पानीको व्यवस्था गर्न ध्यानदिनु पर्ने देखिन्छ । जसको लागि गा.वि.स.संग अनुरोध गर्नु पर्ने दखिन्छ ।
- स्थानीय स्तरमा उपलब्ध हुने शैक्षिक सामग्रीहरुको व्यवस्थागर्नु पर्ने देखिन्छ ।
- खेल तथा मनोरञ्जनात्मक सामग्रीहरु विद्यालयको आन्तरीक स्रोत बाट खरीद गर्नु पर्ने देखिन्छ ।

- शिक्षकहरुलाई तालिममा सहभागी गराउदा पालै पालो लगाउने तथा तालिम बाट सिकेर आएपछि कक्षाकोठामा प्रयोग गर्न उत्साहित हुनु पर्ने देखिन्छ ।
- शिक्षकहरुले पाठ्यपुस्तक तथा शिक्षक निर्देशिका भन्दा पाठ्यक्रम अनुसार शिक्षण गरे प्रभावकारी हुने देखिन्छ ।
- प्र.अ.ले अभिभावकहरु सँग पनि छलफल गर्नु पर्ने देखिन्छ ।
- विद्यार्थीहरुलाई उत्प्रेरणा जगाई सिकाई प्रति रुची जगाउनु पर्ने देखिन्छ ।
- शिक्षकहरुलाई घन्टीलाग्ने वितिकै कक्षामा प्रवेश गर्ने, पुरै समय कक्षा कार्य गर्ने र घन्टी लागे पछि मात्र कक्षा बाहिर जाने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।
- विद्यालयमा,प्र.अ., स्रोतव्यक्ति, वि.नि. हरु बाट प्रभावकारी रुपमा अनुगमन मूल्याङ्कन गर्नु पर्ने देखिन्छ ।
- शिक्षकहरुले पाठयक्रम तथा शिक्षक निर्देशिकाको प्रयोग गरी समयमै कोर्ष सक्नु पर्ने देखिन्छ ।

प्रधानाध्यापक एक्लैले मात्र माथिका समस्याहरु समस्या समाधान गर्न नसक्ने हुन्छन् । प्रभाबकारी रुपबाट शैक्षिक समस्या समाधान गर्न, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक स्टाफ, विद्यार्थी, अभिभावक, स्रोतव्यक्ति, वि.नि., जि. शि. अ. तथा सरोकारवाला आदिको महत्वपूर्ण भुमिका हुन्छ । विद्यालयको भौतिक विकास गर्नको लागि गाँउ विकास समिति, जिल्ला विकास समिति, जिल्ला शिक्षा कार्यालय, तथा अन्य सहयोगी संस्थाहरु संग सहकार्य गर्नु पर्ने हुन्छ । प्रभाबकारी रुपबाट आर्थिक समस्या समाधान गर्न, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक स्टाफ, विद्यार्थी, अभिभावक, स्रोतव्यक्ति, वि.नि., जि. शि. अ., सरोकारवाला, गाँउ विकास समिति, जिल्ला विकास समिति, जिल्ला शिक्षा कार्यालय, तथा अन्य सहयोगी संस्थाहरु आदिको महत्वपूर्ण भुमिका हुन्छ । कतिपय समस्या विद्यालय आफैले पनि समस्या समाधान गर्न सक्छ । विद्यालयमा शिक्षक स्टाफ संग सुमधुर सम्बन्ध कायम गर्न सके, विद्यालयले आर्थिक पारदर्शिता देखाउन सके, यस्ता समस्याहरु समाधान हुन सक्ने देखिन्छ । विद्यालयतहमा पाठ्यक्रम कार्यान्वयन, वि.व्य.स., शिक्षक, विद्यार्थी, अभिभावक स्रोतव्यक्ति प्र.अ.सबैको सहयोगले मात्र सहि रुपमा पाठ्यक्रम कार्यान्वयन गर्न सकिन्छ ।

# परिच्छेद पाँच

# निष्कर्ष तथा सुझाव

## ५.१. अध्ययनको प्राप्ति

यस अध्ययनको मूख्य प्राप्तिहरु निम्न प्रकारका छन् :–

क) विद्यालयको पाठ्यक्रम कार्यान्वयनमा प्रधानाध्यापकको भूमिका महत्वपूर्ण हुने ।

ख) विद्यालयका शिक्षक, विद्यार्थीहरु सँग, पाठ्यक्रम कार्यान्वयन सम्बन्धि छलफल, अन्तरक्रिया हुने गरेको पाइयो ।

ग) तालिम, गोष्ठि, छलफल, सेमिनारमा शिक्षकहरुलाई सहभागी हुन पठाएको ।

घ) विद्यालयमा विभिन्न क्रियाकलपहरु पाठ्क्रमको उद्देश्य अनुसार गर्ने गरेको ।

ङ) शिक्षा नियमावलीमा भएका सवै काम, कर्तव्यको अभाव र अधिकारलाई आत्मसात गरेको पाइयो ।

च) विद्यालयमा विभिन्न खाले योजनाबाट निर्माण गरी पाठ्यक्रम कार्यान्वयन गर्न सहयोग पुऱ्याएकोपाइयो ।

छ) विद्यालयमा पाठ्यक्रम पाठ्यपुस्तक शिक्षक निर्देशिका खरिद गर्ने गरेको पाइयो ।

ज) पाठ्यक्रम पाठ्यपुस्तक शिक्षक निर्देशिका तथा अन्य सन्दर्भ सामग्री राख्ने बुक कर्नरको व्यवस्था गरेको पाइयो ।

झ) विद्यालयमा विषय शिक्षण व्यवस्था भएको पाइयो ।

ञ) पाठ्यक्रम कत्तिको कक्षाकोठामा लागु भईरहेको छ भन्ने र प्रधानाध्यापकले कक्षा अवलोकन अनुगमन गरेको पाइयो ।

ट) पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि, श्रोतव्यक्ति, अभिभावकसँग छलफल गरेको पाइयो ।

ठ) शिक्षण सिकाई क्रियाकलापमा आएका समस्याहरुलाई छलफलका माध्यमबाट विद्यालय स्तरबाटै समाधान खोज्ने प्रयाास गरीएको पाइयो ।

ड) कक्षाकोठामा पाठ्यक्रम कार्यान्वयन कसरी गर्दा प्रभावकारी हुन्छ भनेर नमुना कक्षा शिक्षण गर्ने गरेको पाइयो ।

## ५.२ निष्कर्ष

**यस अध्ययनको मूख्य निष्कर्षहरु निम्न प्रकारका छन् :–**

क) पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका तथा सन्दर्भ सामग्रीहरुलाई जि.शि.का.श्रोत केन्द्र खरिद तथा फोटोकपी गरेर भए पनि आवश्यकता पूरा गरे गर्नु पर्ने ।

ख) विद्यालयमा पाठ्यक्रम, शिक्षक निर्देशिकाको पर्याप्तता वृद्धि गर्न खोजेको पाइयो

ग) पाठ्यपुस्तकको अभावमा पनि पाठ्यक्रमको प्रयोगवाट कक्षा शिक्षण गरेको पाइयो ।

घ) शैक्षिक सत्रको शुरुमा शिक्षक शिक्षक स्टाफ सँग छलफल गर्ने गरेको पाइयो ।

ङ) प्रधानाध्यापकले कक्षा सञ्चालनको अतिरिक्त प्रशासन सञ्चालनन गर्दा पाठ्यक्रम कार्यान्वयनमा समस्या उत्पन्न भएको ।

च) शिक्षक दरवन्दिको अभावले कक्षा शिक्षण गर्दा पाठ्यक्रम कार्यान्वयन गर्न आफूलाई समय कम भएको पाइयो ।

छ) कतिपय कक्षाहरुको शिक्षक निर्देशिका, क्यासेट आदिको व्यवस्था नभएको पाइयो

ज) जि.शि.का., श्रोतकेन्द्र, शैक्षिक तालिम केन्द्रले पाठ्यक्रम कार्यान्वयन सम्बन्धि तालिमको व्यवस्था पर्याप्त मात्रामा नगरेको पाइयो ।

झ) शिक्षकहरुमा पाठ्यक्रम भन्दा पाठ्यपुस्तकलाई हेरेर कक्षा शिक्षण गर्न वानी गरेको पाइयो ।

ञ) पाठ्यक्रमका कतिपय विषयवस्तुहरु विद्यार्थीहरुका लागि रुचिपूर्ण नभएको गुनासो पाइयो ।

ट) कतिपय विद्यालयहरुमा पाठ्यक्रम शिक्षक निर्देशिका क्यासेट, जस्ता सामग्रीहरु शिक्षक आफैले व्यवस्था गर्नु पर्ने गुनासो पाइयो ।

ठ) समयमै कोर्ष नसक्नाले पनि पाठ्यक्रम कार्यान्वयनमा समस्या उत्पन्न भएको ।

ड) पाठ्यक्रमले तोकेको अनुसारका उद्देश्यहरु पूरा गर्ने खालका शैक्षिक गतिविधिहरु सञ्चालन गरेको पाइयो ।

## ५.३. सुझावहरु

**यस अध्ययनको आधारमा निम्न सुझावहरु दिन सकिन्छ :–**

क) विद्यालय तहको पाठ्यक्रम कार्यान्वयन गर्ने मूख्य दायित्व प्रधानाध्यापकको भएकोले प्रधाननाध्यापकले विशेष चासो देखाउनु पर्ने ।

ख) विद्यालयको शैक्षिक सत्रको शुरुवातमा, आवश्यकता परेको वेला शिक्षकहरुसँग पाठ्यक्रम कार्यान्वयन सम्बन्धि व्यापक छलफल अन्तरक्रिया गर्नु पर्ने ।

ग) जिल्ला शिक्षा कार्यालय, शैक्षिक तालिम केद्र श्रोत केन्द्र आदिको पाठ्यक्रम कार्यान्वयन सम्बन्धि तालिममा सहागी हुन आफू लगायत शिक्षक हरुलाई पठाउनु पर्ने देखिन्छ ।

घ) शैक्षणिक क्रियाकलाप तथा शैक्षिक गतिविधिहरु पाठ्यक्रमले तोकेको उद्देश्य, पाठ्यक्रमका मर्म र भावना अनुरुप हुनु पर्ने देखिन्छ ।

ङ) पाठ्यक्रम कार्यान्वयन सम्बन्धि छोटो अवधि र लामो अवधिको तालिमको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

च) तालिमको प्रभावकारी कार्यान्वयन गर्नको लागि वि.नि.,श्रोत व्यक्ति बाट अनुगमा गर्नु पर्ने जरुरी देखिन्छ ।

छ) प्रधानाध्यापकले पाठ्यक्रम कार्यान्वयन सम्बन्धि छलफल, गोष्ठि, सेमिनार सञ्चालन गर्न आवश्यक श्रोत सामग्री तथा वजेटको अवस्था गर्नु पर्ने देखियो ।

ज) विद्यालयमा पर्याप्त रुपमा पाठ्यक्रमको व्यवस्था मिलाउनु पर्ने , वजारबाट खरिद गर्नु पर्ने देखिन्छ ।

झ) प्रधानाध्यापकले पाठ्यक्रम कार्यान्वयन वारे समय समयमा कक्षा अवलोकन गर्नु पर्ने देखिन्छ ।

ञ) आफ्ना मातहतका शिक्षक तथा विद्यार्थीहरुसँग सुमधुर सम्बन्ध स्थापित गर्नु पर्ने

ट) विद्यालय स्तरमा पाठ्यक्रम कार्यान्वयन गर्न प्रधानाध्यापकले प्रशासनिक कार्यमा कम समय दिनु पर्ने ।

ठ) विद्यालयमा पुस्तकालय पाठ्यक्रम पत्रपत्रिका तथा सन्दर्भ सामग्रीको व्यवस्था गर्नु पर्ने ।

ड) विद्यालयमा पाठ्यक्रम कस्तो भइरहेको छ भनेर अभिभावकसँग पनि छलफल । गर्नु पर्ने ।

## सन्दर्भ सामाग्री

अधिकारी, विष्णु प्रसाद (२०६८), *माध्यमिक शिक्षक दिग्दर्शन* बागबजार, काठमाण्डौ: आषिश पुस्तक भण्डार ।

*आधारभुत शिक्षा पाठ्यकम,* (२०६९) सानोठिमी, भक्तपुर: पाठ्यक्रम विकास केन्द्र ।

कोइराला, पार्वतीदेवी (२०६३) *तनहु जिल्लाका सामुदायिक मा.वि.मा शिक्षण सुधारको लागि प्रधानाध्यापकको भूमिका,* अप्रकाशित शोधपत्र, महेन्द्ररत्न क्याम्पस ताहाचल ।

खड्का, गोविन्द (२०६९) *सामुदायिक विद्यालयहरुको शैक्षिक व्यवस्थापनमा प्रधानाध्यापकहरुको भूमिका,* अप्रकाशित शोधपत्र बरुण बहुमुखी क्याम्पस, खाँदबारी संखुवासभा ।

खनाल, पेशल (२०६४), *शैक्षिक अनुसन्धान पद्धति* भोटाहिटी, काठमाण्डौ: विद्यार्थी पुस्तक प्रा.लि ।

खनाल, श्रीप्रसाद (२०६४), *पाठ्यक्रम सिद्धान्त,* किर्तिपुर, काठमाण्डौ: जुपिटर पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

ढकाल, माधवप्रसाद (२०६२) *माध्यमिक शिक्षक दिग्दर्शन* भोटाहिटी, काठमाण्डौ: विद्यार्थी पुस्तक प्रा.लि ।

ढकाल, सुर्दशन (२०६१) *माध्यमिक विद्यालयका शिक्षण सिकाईका लागि प्रधानाध्यापकको भूमिका* अप्रकाशित शोधपत्र महेन्द्ररत्न क्याम्पस, ताहाचल काठमाण्डौ ।

थापा,यामकला, (२०६९) *सामुदायिक विद्यालयहरुको शैक्षिक व्यवस्थापनमा प्राचार्य हरुको भूमिका,* अप्रकाशित शोधपत्र, सुकुना बहुमुखी क्याम्पस, मोरङ ।

*न्युजलेटर* भोजपुर: २०६६ शैक्षिक तालिम केन्द्र, अंक १० ।

*निम्न माध्यमिक शिक्षा पाठ्यक्रम २०५८* सानोठिमी भक्तपुर: पाठ्यक्रम विकास केन्द्र ।

नेपाल, जनार्दन *नेपालको शिक्षा प्रणाली चुनौती र सम्भावना* डिल्लीबजार, काठमाण्डौः मकालु प्रकाशन गृह ।

पराजुली, देबेन्द्र *(२०६४) पाठ्यक्रम सिद्धान्त* ताहाचल,काठमाण्डौः प्रज्ञा बुक हाउस ।

*प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५)* सानोठिमी, भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

बरुवाल, पुष्पबहादर (२०५६) *शैक्षिक सुधारकालागि प्रधानाध्यापकको भुमिका* अप्रकाशित शोधपत्र, महेन्द्ररत्न क्याम्पस ताहाचल ।

*माध्यमिक शिक्षा पाठ्यक्रम (२०६४)* सानोठिमी, भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

मैनाली, रमेशप्रसाद (२०५६) *विद्यालयको सुव्यवस्थापनमा प्रधानाध्यापकहरुले सामना गर्नु परेका समस्याहरु* अप्रकाशित शोधपत्र, महेन्द्ररत्न क्याम्पस, ताहाचल ।

लम्साल, हरीप्रसाद (२०६४) *समकालिन शैक्षिक चुनौती र भावी दिशा* डिल्लीबजार, काठमाण्डौः मकालु प्रकाशन गृह ।

*विद्यालयका प्र.अ. हरुकालागि सक्षमतामा आधारित विद्यालय व्यवस्थापन तालिम* काठमाण्डौः शैक्षिक जनशक्ति विकास केन्द्र ।

*विद्यालय सुपरिवेक्षण,* पुतलीसडक, काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

वाग्ले, मनप्रसाद, कार्की, उपेन्द्रकुमार (२०५८) *शिक्षाका आधारहरु,* भोटाहिटी काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, गोपिनाथ (२०६८) *नेपालको शैक्षिक इतिहाँस,* डिल्लिबजार, काठमाण्डौः मकालु प्रकासन गृह ।

शर्मा, चिरन्जीवी, (२०५७) *शिक्षाका आधारहरु* भोटाहिटी, काठमाण्डौः एम.के. पब्लिसर्स एण्ड डिस्ट्रिव्युिटर्स ।

*शिक्षा नियमावली, (२०५९)* डिल्लीबजार, काठमाण्डौः सहिष्णु प्रकाशन ।

*शिक्षा ऐन नियम संग्रह,*( २०६९) पुतलीसडक, काठमाण्डौः प्रशान्ति पुस्तक भण्डार ।

*शैक्षिक झलक, (२०७० )* भोजपुरःजि.शि.का., वर्ष ८ अंक ३ ।

## अनुसूची १

## प्रधानाध्यापकको लागि प्रश्नावली

प्रधानाध्यापकको नाम :

विद्यालयको नाम : शैक्षिक योग्यता :

*आफुलाई उपयुक्त लागेको उत्तरमा (✓) रेजा लगाउनुहोस ।*

........................................................................................................................

१) तपाइको विद्यालयमा पाठ्क्रम शिक्षक निर्देशिका तथा अन्य सन्दर्भ सामाग्रीहरुको पर्याप्तता छ ? क) पर्याप्तता ख) अपुग ग) नभएका

२) पाठ्यक्रम, पाठ्यसामाग्री शिक्षक निर्देशिका तथा सन्दर्भ सामाग्रीहरु कहाँबाट उपलब्ध हुन्छ

क) श्रोतकेन्द्र ख) जि.शि.का ग) खरिद गरेर

३) तपाईको विद्यालयमा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्नुहुन्छ?

क) कहिलेकाही ख) छैन ग) सधै गर्ने गरेको

४) शैक्षिक सामाग्रीहरुको व्यवस्था सामाग्रीहरुको व्यवस्था कसरी गर्नुहुन्छ ?

क) खरिद गरेर ख) शिक्षकले निर्माण गर्नुहुन्छ ।

५) तपाईको विद्यालयमा कस्तो शिक्षण व्यवस्था लागु गर्नु भएको छ ?

क) कक्षा शिक्षण ख) बहुकक्षा शिक्षण ग) विषय शिक्षण

६) पाठ्यक्रम कार्यान्वयनमा के कस्तो भई राखेको छ भनेर कक्षा अवलोकन गर्नुहुन्छ ?

क) छ ख) कहिलेकाही ग) गर्ने गरेको छैन

७) भौतिक अवस्थाको बारेमा निरीक्षण गर्नु भएको छ ?

क) छ ख) कहिलेकाही ग) गर्ने गरेको छैन

८) पाठ्यक्रम अनुसारका सामाग्रीहरुको प्रयोग भएको छ कि छैन भनेर अनुगमन गर्नुभएको छ

क) छ ख) कहिलेकाही ग) गर्ने गरेको छैन

९) पाठ्यक्रमको उद्देश्य अनुरुप शिक्षण भएको छ कि छैन भनेर अनुगमन गर्नु भएको छ ?

क) छ ख) कहिलेकाही ग) गर्ने गरेको छैन

१०) पाठ्यक्रम पर्याप्तता सम्बन्धी अनुगमन गर्ने गर्नुभएको छ ?

क) छ ख) छैन ग) कहिलेकाही

११) पाठ्यक्रम पर्याप्तता सम्बन्धी अनुगमन गर्ने गर्नुभएको छ ?

क) छ ख) छैन ग) कहिलेकाही

१२) पाठ्यक्रम सम्बन्धी निरीक्षण गर्दा पाठ्यक्रम कार्यान्वयन कस्तो भई राखेको पाउनु भएको छ ?

क) राम्रो ख) सन्तोषजनक ग) छैन

१३) तपाईले कक्षा कोठामा नमूना शिक्षण गर्नु भएको छ ?

क) छ ख) छैन ग) कहिलेकाही

१४) गर्नु भएको छ भने शिक्षकहरुले पनि तपाईले जस्तै शिक्षण गरेको पाउनु भएको छ ?

क) छ ख) छैन ग) सन्तोषजनक

१५) तपाईले विद्यालयमा विभिन्न योजनाहरु निर्माण गर्नु भएको छ ?

क) छ ख) छैन ग) कहिलेकाही

१६) योजना निर्माण गर्दा कसकसलाई सहभागी गराउनु हुन्छ ?

क) शिक्षक ख) विद्यार्थी ग) वि.व्य.स. घ) माथिका सबै

१७) तपाईले विद्यालयमा शिक्षक स्टाफ, अभिभावकसँग पाठ्यक्रम सम्बन्धी छलफल गर्नु भएको छ ?

क) छ ख) छैन ग) कहिलेकाही

१८) विद्यालयमा नेपाल सरकारको स्वीकृत पाठ्यपुस्तक लागु गर्नु भएको छ ?

क) छ ख) छैन

१९) तपाई आफुले पाठ्यक्रम सम्बन्धी तालिम लिनु भएको छ ?

क) छ ख) छैन ग) कहिलेकाही

२०)शिक्षकहरुलाई पाठ्यक्रम सम्बन्धी तालिममा सहभागी गराउनु हुन्छ ?

क) छ ख) छैन ग) कहिलेकाही

२१)शिक्षण सामाग्री निर्माणमा शिक्षकलाई सहयोग गर्नुभएको छ ?

क) छ ख) छैन ग) कहिले

२२) शिक्षकलाई कक्षाकोठा शिक्षणमा आएका समस्याहरुमा सहयोग गनभएको छ ?

क) छ ख) छैन ग) कहिलेकाही

२३) तपाईको विद्यालयमा अतिरिक्त क्रियाकलापको सञ्चालनको अवस्था कस्तो छ ?

क) उत्तम ख) मध्यम ग) सन्तोषजनक घ) न्यून

२४) विभिन्न योजनाहरु, दैनिक पाठ योजना, वार्षिक कार्ययोजना आदिको कार्यान्वयन कस्तो पाउनु भएको छ ?

क) उत्तम  ख) मध्यम  ग) सन्तोषजनक  घ) न्यून

२५) तपाईको विद्यालयमा स्थानीय विषयमा कुन विषय राख्नु भएको छ ?

क) ............................ख) ..............................ग) ................

२७) पाठ्यक्रम कार्यान्वयन गर्दा आई पर्ने समस्याहरु के के छन् ?

..................................................................................................................................

..................................................................................................................................

..................................................................................................................................

..................................................................................................................................

..........................................................................................

२८) पाठ्यक्रम कार्यान्वयन गर्दा आई पर्ने समस्याहरुको समाधान कसरी गर्नु भएको छ ?

..................................................................................................................................

..................................................................................................................................

..................................................................................................................................

..................................................................................................................................

...........................................................................................

.....................................................................................................................

.......................................................................................................................

२९) पाठ्यक्रम कार्यान्वयन गर्दा आई पर्ने समस्याहरुको समाधान गर्न क कस्को सहयोग पाउनु भएको छ ?

..................................................................................................................................

..................................................................................................................................

..................................................................................................................................

...............................................................................................

प्रश्नावलि भरी अमुल्य सहयोग गर्नु भएकोमा धन्यवाद व्यक्त गर्दछु ।

## अनुसूची २

## शिक्षकको लागि प्रश्नावली

शिक्षकको नाम :

विद्यालयको नाम : शैक्षिक योग्यता :

*आफुलाई उपयुक्त लागेको उत्तरमा (✓) रेजा लगाउनुहोस ।*

१) तपाईले पाठ्यक्रम कार्यान्वयन सम्बन्धी प्र.अ. बाट कस्तो सहयोग पाउनु भएको छ ?

क) राम्रो ख) मध्यम ग) सन्तोषजनक

२) तपाई आफ्नो शिक्षणको क्रममा के लाई मुख्य आधार मान्नु हुन्छ ?

क) पाठ्यपुस्तक ख) पाठ्यक्रम ग) सन्दर्भ सामाग्री घ) माथिका सबै

३) तपाईले पाठ्यक्रम सम्बन्धी तालिम लिनु भएको छ?

क) छ ख) छैन

४) तपाईको विद्यालयमा पाठ्यक्रम शिक्षक निर्देशिका तथा सन्दर्भ सामाग्रीको पर्याप्तता कस्तो छ ?

क) पर्याप्त ख) अपुग ग) अपर्याप्त

५) शिक्षणको क्रममा आएका समस्याहरु कोसँग छलफल गर्नुहुन्छ ?

क) स्टाफसँग ख) प्र.अ. सँग ग) स्रोतव्यक्तिसँग घ) माथिका सबै

६) तपाई शिक्षण गर्नु पूर्व योजनाहरु निर्माण गर्नुहुन्छ ?

क) गर्ने गरेको ख) छैन ग) सामान्य रुपमा

७) तपाईले शिक्षण गर्दा शैक्षिक सामाग्रीहरु पनि प्रयोग गर्नुहुन्छ ?

क) गर्छु ख) गर्दिन ग) विषयवस्तु अनुसार

८) पाठ्यक्रम प्रति अभिभावकहरको रुचि कस्तो पाउनु भएको छ ?

क) सकारात्मक ख) नकारात्मक ग) अन्य

९) पाठ्यक्रम प्रति विद्यार्थीहरुको रुचि कस्तो पाउनु भएको छ ?

क) सकारात्मक ख) नकारात्मक ग) अन्य

१०) तपाईको विद्यालयमा पाठ्यक्रम पाठ्यपुस्तक तथा अन्य सन्दर्भ सामाग्रीहरु कहाँबाट उपलब्ध हुन्छ

क) जि.शि.का .ख) स्रोत केन्द्र ग) खरीद गरेर

११) प्रधानाध्यापकले कक्षा अवलोकन गर्नु भएको छ ?

क) छ ख) छैन ग) कहिलेकाही

१२) तपाईको विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यपुस्तक लागु भएको छ ?

क) छ ख) छैन ग) आंशिक रुपमा

प्रश्नावलि भरी अमुल्य सहयोग गर्नु भएकोमा धन्यवाद व्यक्त गर्दछु ।

## अनुसूची ३

## स्रोतव्यक्तिका लागि प्रश्नावली

स्रोतव्यक्ति को नाम :

स्रोत केन्द्र : शैक्षिक योग्यता :

*आफुलाई उपयुक्त लागेको उत्तरमा (✓) रेजा लगाउनुहोस ।*

.................................................................................................................................

१ तपाईलेविद्यालयका शिक्षकहरुलाई पाठ्यक्रम कार्यान्वयन सम्बन्धी तालिम दिनु भएको छ

क) छ ख) छैन ग) अन्य

२ तालिममा क-कस्को सहभागिता रहने गरेको छ ?

क) प्र.अ. ख) शिक्षक ग) स्रोतव्यक्ति घ) माथिका सबै

३) पाठ्यक्रम कार्यान्वयन गर्न मुख्य व्यक्ति को-को हुन सक्छन् ?

क) शिक्षक ख) प्र.अ ग) स्रोत व्यक्ति घ) माथिका सबै

४) विद्यालयमा पाठ्यक्रम, शिक्षक निर्देशिका, अन्य सन्दर्भ समाग्री उपलब्ध गराउनु भएको छ

क) छ ख) छैन ग) छ तर पर्याप्त छैन

५) तपाईले विद्यालयमा पाठ्यक्रम सम्बन्धी छलफल गर्नु भएको छ

क) छ ख) छैन ग) कहिलेकाही

६) विद्यालयमा को-को सँग छलफल गर्नु भएको छ ?

क) शिक्षक ख) प्र.अ. ग) अभिभावक/वि.व्य.स घ) माथिका सबै

७) तपाईले शिक्षकहरुले कक्षा अवलोकन गर्नुभएको छ ?

क) छ ख) छैन ग) कहिलेकाही

८) पाठ्यक्रम सही रुपमा लागु भएको पाउनु भएको छ ?

क) छ ख) छैन ग) अन्य

९) पाठ्यक्रम प्रति अभिभावकहरुको चासो कस्तो पाउनु भएको छ ?

क) सकारात्मक ख) नकारात्मक ग) अन्य

१०) विद्यालयमा सरकारी स्वीकृत पाठ्यक्रम लागु भएकापाउनु भएको छ ?

क) छ ख) छैन ग) अन्य

प्रश्नावलि भरी अमुल्य सहयोग गर्नु भएकोमा धन्यवाद व्यक्त गर्दछु

## अनुसूची ४

## प्रत्यक्ष अवलोकन फारम

| कस. | विद्यालयको अवस्था | पर्याप्त | मध्यम | न्यून | अप्रयाप्त |
|---|---|---|---|---|---|
| १ | **भौतिक अबस्था** | | | | |
| | o शौचालय | | | | |
| | o भवन | | | | |
| | o खानेपानी | | | | |
| | o खेलमैदान | | | | |
| | o कक्षाकोठा | | | | |
| | o फर्निचर | | | | |
| २ | **शैक्षिक अवस्था** | | | | |
| | o कक्षा कार्य | | | | |
| | o गृहकार्य | | | | |
| | o योजना निमार्ण | | | | |
| | o पाठ्यक्रम | | | | |
| | o शिक्षक निर्देशिका | | | | |
| | o अतिरिक्त क्रियाकलाप | | | | |
| ३ | **अन्य** | | | | |
| | o छलफल | | | | |
| | o शिक्षक बैठक | | | | |
| | o अभिलेख | | | | |
| | o अन्तरक्रिया | | | | |

## अनुसूची ५

**FGDका लागि विषय शिर्षकहरु :–**

१. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा प्र.अं.ले खेल्नु पर्ने भुमिकाको सम्बन्धमा ।

२. पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा प्र.अ.ले भोग्नु परेको समस्याहरुको सम्बन्धमा ।

३ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनमा प्र.अ.ले भोग्नु परेको समस्याहरुको समाधानको उपायहरुको सम्बन्धमा ।

४. विद्यालयमा लागु गरेको पाठ्य पुस्तकको सम्बन्धमा ।

५. अतिरिक्त क्रियाकलापको संचालनको सम्बन्धमा ।

६. तालिमको कार्यान्वयन सम्बन्धमा ।

## अनुसूची ६

**असंरचित अन्तरवार्ता विद्यार्थीहरुको लागिः**

१) तपाईलाई कुन विषय मन पर्छ ?

२) कक्षा शिक्षक कुन समयमा आउनु हुन्छ ?

३) पुरै समय कक्षामा विताउनु हुन्छ

४) शिक्षकले शिक्षण गर्दा के लाई आधार मान्नु हुन्छ ?

५) तपाईको विद्यालयमा अतिरिक्त क्रियाकलाप सञ्चालन हुन्छ ?

६) अध्यापन गरिरहेको बेला प्र.अ./स्रोतव्यक्तिहरुले निरीक्षण गर्नुहुन्छ ?

७) पाठमा भएको विषय वस्तु मन पर्छ ?

८) कस्ता विषय समावेश भए मन पर्छ ?

## अनुसूची ७

छनौटमा परेकाविद्यालय र प्रधानाध्यापकहरुको नाम

| क.स. | प्रधानाध्यापकको नाम | विद्यालको नाम र ठेगाना |
|---|---|---|
| १ | उर्मिलाकिरात | श्री अन्नपूर्ण मा.वि., अन्नपूर्ण, |
| २ | बद्रिनाथअधिकारी | श्री सिद्धेश्वर मा.वि., दाँवा |
| ३ | किशोरकुमार ताम्राकार | श्री यशोधरा उ.मा.वि. टक्सार, |
| ४ | कृष्णकुमार राई | श्री जनोदय उ.मा.वि., कोट |
| ५ | कमलप्रसाद राइ | श्री विद्योदय उ.मा.वि., भोजपुर, |
| ६ | नागेन्द्र प्र. पराजुली | श्री राधाकृष्ण उ.मा.वि., श्यामशिला |
| ७ | रामकुमार राई | श्री शारदा उ.मा.वि., प्याउली |
| ८ | दिपक राई | श्री चण्डेश्वरी मा वि, नागी |
| ९ | पूर्ण बहादुर राई | श्री पशुपति मा. वि, खावा |
| १० | रुद्र बिष्ट | श्री पशुपति मा. वि, रिमचिम |

## अनुसूची ८

छनोटमा परेका विद्यालयका शिक्षकहरुको नाम :–

| क.स. | शिक्षकको नाम | विद्यालको नाम र ठेगाना |
|---|---|---|
| १ | भाईकाजी बस्नेत | श्री अन्नपूर्ण मा.वि., अन्नपूर्ण, |
| २ | गिरेन्द्र खड्का | श्री सिद्धेश्वर मा.वि., दाँवा |
| ३ | अमृका ताम्राकार | श्री यशोधरा उ.मा.वि. टक्सार, |
| ४ | रविन्द्र कट्वाल | श्री जनोदय उ.मा.वि., कोट |
| ५ | बद्रिबिकम बूडाथोकि | श्री विद्योदय उ.मा.वि., भोजपुर, |
| ६ | सन्तोस बिष्ट | श्री राधाकृष्ण उ.मा.वि., श्यामशिला |
| ७ | रामकुमार राई | श्री शारदा उ.मा.वि., प्याउली |
| ८ | गंगा खड्का | श्री चण्डेश्वरी मा. वि, नागी |
| ९ | शरण बहादुर राई | श्री पशुपति मा. वि, खावा |
| १० | छत्रदेव राई | श्री पशुपति मा. वि, रिमचिम |

## अनुसूची ९

छनोटमा परेका विद्यालयका स्रोतव्यक्तिहरुको नाम

| क.स. | स्रोतव्यक्तिहरुको नाम | स्रोतकेन्द्र |
|---|---|---|
| १ | रवि कुमार राइ | अन्नपूर्ण उ.मा.वि. स्रोतकेन्द । |
| २ | रामकुमार चौधरी | सगरमाथाउ.मा.वि. स्रोतकेन्द्र । |
| ३ | ध्रुव रेग्मी | विद्येश्वर उ.मा.वि. स्रोतकेन्द्र । |
| ४ | रविन्द्र पौडेल | विद्योदय उ.मा.वि. स्रोतकेन्द्र । |
| ५ | टेकबहादुर खड्का | सिद्येश्वरउ.मा.वि. स्रोतकेन्द्र । |

## अनुसूची १०

छनोटमा परेका विद्यालयका विद्यार्थीहरुको नाम :–

| क.स. | विद्यार्थीहरुको नाम | विद्यालको नाम र ठेगाना |
|---|---|---|
| १ | रविन्द्र बस्नेत<br>कमला राई | श्री अन्नपूर्ण मा.वि., अन्नपूर्ण, |
| २ | राधाखड्का<br>नरेन्द्र चौहान | श्री सिद्धेश्वर मा.वि., दाँवा |
| ३ | अस्मिना श्रेष्ठ<br>रोश्नी उदास | श्री यशोधरा उ.मा.वि. टक्सार, |
| ४ | लिला कट्वाल<br>भगवति राई | श्री जनोदय उ.मा.वि., कोट |
| ५ | सुनिला राई<br>भवजित तामाङ | श्री विद्योदय उ.मा.वि., भोजपुर, |
| ६ | पासाङ शेर्पा<br>रमिला तामाङ | श्री राधाकृष्ण उ.मा.वि., श्यामशिला |
| ७ | भुवन राई<br>सर्मिला प्रधान | श्री शारदा उ.मा.वि., प्याउली |
| ८ | अनामिका राई<br>सनम राई | श्री चण्डेश्वरी मा वि, नागी |
| ९ | हर्कराज राई<br>बविता बिष्ट | श्री पशुपति मा. वि, खावा |
| १० | आशिस राई<br>जसमान मगर | श्री पशुपति मा. वि, रिमचिम |